# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ३, अङ्क ४०, पूर्णाङ्क १३५ | २०७४ चैत ७ गते बुधबार | Wednesday, 21 March 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## विद्यार्थी अध्यक्षमा चिरञ्जीवी

■ जानकी दहित/दाङ

चिरञ्जीवी ढकालको अध्यक्षतामा ५९ सदस्यीय कार्यसमिति चयन गर्दै अखिल (क्रान्तिकारी) को राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। फागुन २७ गतेदेखि दाङको घोराहीमा भएको अखिल (क्रान्तिकारी) को २१ औं राष्ट्रिय सम्मेलन सम्पन्न भएको हो।

नवनिर्वाचित अध्यक्ष ढकालले शिक्षामा भएको प्राकृतिक स्रोतसाधनसँग मानव श्रम जोड्न आवश्यक रहेको बताउनुभयो। दाङको घोराहीमा राष्ट्रिय सम्मेलन सम्पन्न भएको जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा उहाँले अहिलेको अवैज्ञानिक पाठ्यक्रमका कारण शिक्षालाई मानव जीवनको सहजीकरण र सामाजिकीकरण गर्न नसकिएकाले वैज्ञानिक शिक्षाको आवश्यकतामा जोड दिनुभयो।

# देशभर सांस्कृतिक प्रतिरोध दिवस मनाइयो

## क्रान्तिबाटै सहिदका सपना पूरा गर्ने उद्घोष

■ रातो खबर संवाददाता/काठमाडौं

नेपालका क्रान्तिकारी संस्कृतिकर्मीहरुद्वारा सांस्कृतिक प्रतिरोध दिवस मनाइएको छ। काभ्रेको अनेकोटमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समितिको आयोजनामा आयोजित २० औं स्कृतिक प्रतिरोध दिवसमा प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका राजनीतिक ब्युरोका सदस्य एवम् केन्द्रीय जनपरिषद् नेपालका उपप्रमुख पद्म राईले आफू र आफ्नो पार्टी देश र जनताका लागि जस्तोसुकै लडाइँ लड्न पनि तयार रहेको बताए। उनले भने- च्याङ्बा लामालगायत सहिदको स्मरण र सम्झनाको भावधारामा आयोजना गरिएको कार्यक्रम भएकाले देश र जनताको मुक्तिका लागि क्रान्तिकारी धारा अवलम्बन गर्नुको कुनै विकल्प छैन। जबसम्म नेपालमा क्रान्ति सम्पन्न हुन्न, जबसम्म जनताको मुक्ति हुँदैन, तबसम्म हामी निरन्तर क्रान्तिकारी दिशामा अघि बढिरहनेछौँ। हामीलाई गद्दारी अस्वीकार्य छ। नेपालमा देश र जनताका विरुद्ध प्रचण्ड-बाबुरामहरूले गम्भीर धोका दिएका छन्। हामी एकीकृत जनक्रान्तिका माध्यमबाट संसदीय दलाल व्यवस्थालाई ध्वस्त बनाउनेछौँ।




सोही कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् पूर्वी ताम्सालिङ ब्युरोका इन्चार्ज जगतले अब नयाँ प्रतिबद्धताका साथ दलालहरूका विरुद्ध लडेर मात्र महान् सहिदहरूको सपना पूरा गर्न सकिने धारणा व्यक्त गरे। जनतालाई जगाउँदै सहिदको सपना क्रान्ति, वर्गीय मुक्तिलाई कहिल्यै नभुल्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे।

त्यसैगरी ताम्सालिङ जनपरिषद्का प्रमुख माणिक लामाले माके-एमालेले अब नेपाल जनतालाई धेरै दिन झुक्याउन नसक्ने बताए। सहिदहरूको मृत्यु पहाडजस्तै विशाल हुने कुरा राख्दै उनले माके-एमलेको राजनीतिक नैतिकता सकिएको कुरामा विशेष जोड दिए।

नेकपा (माओवादी केन्द्र) छोडी नयाँ राजनीतिक अभियान सञ्चालन गरिरहेका बलराम तिमिल्सिनाले आफूहरूले भन्दा पहिले विप्लवहरूले प्रचण्डलाई चिनेको र आफूहरूले भर्खर प्रचण्डको नक्कली अनुहार देखेपछि विद्रोह गरेको बताए।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेपाल कम्युनिस्ट पार्टी काभ्रे जिल्ला ... बाँकी पृष्ठ ७ मा

## जनसत्ताले गर्‍यो विराटनगरमा जग्गा कब्जा




■ रातो खबर संवाददाता/काठमाडौं

जनपरिषद् (जनसत्ता) नेपाल जिल्ला समिति, मोरङद्वारा विराटनगर महानगरपालिका ७ र ८ मा रहेको सुकदेव अमातको कित्ता नं. ५८५२, विनिता शर्मा, जानुका उप्रेतीको कित्ता नं. ५८५४ र प्रेमप्रसाद खरेल, टीकाराम रेग्मीको नाममा रहेको कित्ता नं. ५८५५ को विवादित सबै जग्गा कब्जा गरिएको छ। जनसत्ताले देशव्यापी रूपमा संसदीय व्यवस्थाका सम्पूर्ण तहका जनप्रतिनिधिहरूलाई राजीनामा माग गर्दै सङ्घर्ष गरिरहेको बेला सोमबार मोरङले यस्तो कारबाही गरेको हो। साथै, विवाद नमिलुन्जेल सबै जग्गा बिक्रीवितरण गर्न रोक लगाएको जानकारी हाम्रा मोरङ संवाददाताले जनाएका छन्।

# राईलगायत नेताकार्यकर्ता गिरफ्तार

■ अम्बिका चन्द/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा कोशी ब्यूरो इन्चार्ज किरण राईलाई प्रहरीले पक्राउ गरेको छ। राईसँगै धनकुटा इन्चार्ज माधव गौतम 'आकाश' सेक्रेटरी नवराज भटराई, संखुवासभा इन्चार्ज समुल सेक्रेटरी दिव्य बराल, तेह्रथुम जिल्ला सेक्रेटरी कमला लिम्बु, कोशीब्यूरो सदस्य सागर लिम्बुलाई पनि पक्राउ गरिएको छ। सोमबार साँझ धनकुटाको हिलेबाट प्रहरीले उनीहरुलाई गिरफ्तार गरेको हो। पार्टी कामको सिलसिलामा रहेका आफना नेताकार्यकर्ताहरुलाई प्रहरीले बिनाकारण पक्राउ गरेको भन्दै नेकपाका पूर्वी कमाण्ड इन्चार्ज विरहीले एक विज्ञप्ति जारी गरी तत्काल रिहाईको माग गरेका छन्। प्रस्तुत छ विज्ञप्तीको पूर्ण पाठ-

२०५५ सालमा काभ्रे अनेकोटमा भएको सांस्कृतिक टोलीको सामूहिक हत्याकाण्डको विरुद्ध

**चैत ११ गते कोशी बन्द**



गिरफ्तार नेता किरण राई

नेकपाले देशव्यापी रुपमा प्रतिरोध दिवस (स्मृतिसभा) गर्दै आएको छ। त्यसक्रममा धनकुटा हिले बजारमा भएको स्मृतिसभालाई प्रहरीले सभाकक्ष नै घेरा हालेर नेकपाका केन्द्रीय सदस्य किरण राई, धनकुटा इन्चार्ज आकाश, सेक्रेटरी नवराज, तेह्रथुम सेक्रेटरी कमला, लिम्बुवान स्वायत्त जनपरिषदका प्रमुख सागर, संखुवासभा इन्चार्ज दिव्य, सेक्रेटरी समुललाई गिरफ्तार गरेको छ। अनेकोट स्मृतिसभा मनाउने क्रममा हिले बजारबाट भएको यो गैरन्यायीक, अमर्यादित, यो फासिस्ट सरकारी कदमको हाम्रो पार्टी घोर भर्त्सना र निन्दा गर्दछ। कोशी ब्यूरो इन्चार्ज तथा केन्द्रीय सदस्य किरण राईसहित सम्पूर्ण नेता-कार्यकर्ताहरुलाई प्रशासनले ७ दिने म्याद थपेपछि नेकपा पूर्वी कमाण्डले चैत्र ११ गते कोशी अञ्चल बन्दको आयोजना गरेको छ। ... बाँकी पृष्ठ ७ मा

# सी जिनपिङद्वारा अमेरिकालाई युद्धको चेतावनी

■ एजेन्सी

**बेइजिङ** : चीनका राष्ट्रपति सी जिनपिङले अमेरिकालाई कडा चेतावनी दिएका छन्। मङ्गलबार १३ औं नेसनल पिपुल्स कङ्ग्रेसलाई सम्बोधन गर्दै क्रममा उनले अमेरिकाको नाम नलिई उसलाई दुस्मनको सङ्ज्ञा दिँदै कडा चेतावनी दिएका हुन्। हालै मात्र अमेरिकाले एक कानुन पास गराएर ताइवानमा अझै वरिष्ठ अधिकारीलाई पठाउने बताएको थियो। चीनले अमेरिकाले एक चीन नीतिको उल्लङ्घन गरेको भन्दै आक्रामक बन्ने सङ्केत गरेको छ।

१३ औं नेसनल पिपुल्स कांग्रेसमा सीले भने, 'हामी आफ्ना दुस्मनविरुद्ध रक्तपातपूर्ण युद्ध लड्न तयार छौं।' चीनको गौरवशाली इतिहास रहेको पनि सीले बताए। सीले भने, 'विश्वलाई पत्रिका, कन्फ्युसियसवाद, चिनियाँ पर्खालजस्ता चीज दिएका छौं। चीनले बाहिरी आक्रमणको



विगतमा बलियोसँग सामना गरेको इतिहास भुल्नु हुँदैन। अमेरिकाले ताइवानलाई स्वतन्त्र राज्यका रुपमा चीनबाट एक इन्च पनि जमिन कसैले खोस्न सक्दैन।' चीनले ताइवानलाई आफ्नो भूभाग मान्छ। चीनले आवश्यक परेको अवस्थामा ताइवानलाई आफ्नो नियन्त्रणमा लिन सक्ने बताउँदै आएको छ।

सीले भने, 'हामीले ... बाँकी पृष्ठ ७ मा

# पुरानो सत्तालाई नयाँ सत्ताको चेतावनी

■ रातो खबर संवाददाता/काठमाडौं

नेकपा निकट जनपरिषद्ले देशका विभिन्न स्थानमा जनप्रतिनिधिहरूको राजीनामा माग गर्दै उनीहरूलाई चेतावनीसहितका पत्र पठाउने गरेको छ। जिल्ला जनपरिषद् चितवनले भरतपुर महानगरपालिकाकी मेयर तथा प्रचण्डपुत्री रेणु दाहाललाई पत्रमार्फत राजीनामा मागेको छ। शुक्रबार जिल्ला जनपरिषद् चितवनका प्रमुख नवराज पौडेलले महानगरपालिकाकी मेयर दाहाललाई सम्बोधन गरेर राजीना दिन पत्र पठाएका हुन्। पत्रमा जनप्रतिनिधीहरूले जनताको काम गर्ने भन्दा पनि जनविरोधी हर्कतहरू गरेको भन्दै राजीनामा माग गरेको छ।

यस्तै जिल्ला जनपरिषद् रोल्पाले माओवादी केन्द्रका नेता तथा प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महराका ज्वाइँ रोल्पा नगरपालिकाका प्रमुख पूर्ण केसीलाई राजीनामा दिन माग गरेको छ। जनसत्ताले देश लुट्नेलाई सिंहदरबारको शासक बनाउने संसदीय सत्ताद्वारा जनताका समस्याको समाधान नहुने भन्दै राजीनामा जनप्रतिनिधिको राजीनामा माग गरेको हो। जनपरिषद्ले तत्काल राजीनामा गरेर जनताको सरकारलाई सहयोग गर्न आग्रह गरेको छ।



यस्तै जिल्ला जनपरिषद् सल्यानले पनि स्थानीय तहका जनप्रतिनिधिलाई पनि राजीनामा दिन माग गरेको छ। जिल्लामा रहेका दसवटै स्थानीय तहका प्रतिनिधिहरूलाई पत्रमार्फत राजीनामाका लागि दबाब दिएको छ।

जनप्रतिनिधिहरूलाई पठाएको पत्रमा स्थानीय सत्तामा रहेका प्रतिनिधिहरूले आफ्नै डोजर प्रयोग गर्ने, आफूअनुकूलको उपभोक्ता समिति बनाउने, आफ्नै अनुकूलतामा बजेट विनियोजित गर्ने र कमिसन खाने, भ्रष्टाचार गर्ने, कर्मचारी नियुक्त बाँकी पृष्ठ ७ मा

# भौतिकवादमा स्टेफेन हकिङको योगदान

**विद्युत् चुम्बकीय बल, कमजोर आणविक बल र बलियो आणविक बललाई समायोजन गर्ने सिद्धान्त बृहत् एकीकृत सिद्धान्त (Grand unified theory-GUT) को खोज।**

**देश/परिवेश**

■ गुणराज लोहनी



बेलायतको सैद्धान्तिक भौतिकशास्त्री, ब्रह्माण्डशास्त्री, लेखक र क्याम्ब्रिज विश्वविद्यालयको ब्रह्माण्ड विज्ञान सैद्धान्तिक केन्द्रको निर्देशक रहेका स्टेफेन हकिङको १४ मार्चका दिन मृत्यु भएको जानकारी उनको परिवारले दिएका छन्। उनको जन्म बेलायतको अक्सफोर्टमा ८ जनवरी १९४२ मा भएको थियो।

दोस्रो विश्वयुद्धले विश्वलाई लपेटिरहेको बेलामा जन्मिएका हकिङ बीसौं र एक्काईसौं शताब्दीका अब्बल दर्जाका वैज्ञानिक थिए। उनी २२ वर्षको पुग्दै गर्दा अमियोट्रोफिक ल्याटेरल स्क्लेरोसिस भन्ने नसासम्बन्धी मोटोर न्युरोनजस्तो कहिल्यै निको नहुने रोगले पीडित थिए। यस रोगले गर्दा उनलाई पक्षघात लाग्यो। उनलाई डाक्टरहरूले केवल दुई वर्ष मात्र बाँच्ने समय तोकेको थियो। तर उनी ५४ वर्ष बढी बाँचेका थिए। कम्प्युटरविज्ञ वाल्टर वोल्टोजले उनका लागि भनेर आँखा र औंलाको सहयाताले चल्ने कम्प्युटर बनाइदिएका थिए। उनले मोटोराइज्ड ह्विलचेयरमा जडान गरिएको कम्प्युटरका सहायताले ब्रह्माण्डको यात्रा गरेका थिए। हकिङ केवल वैज्ञानिक मात्र थिएनन्। उनी त भौतिकवादी पनि थिए। उनी ७५ बाँचे पनि उनका पछिल्ला असक्त ४४ वर्षमा अद्भुत खोज गरेर मानवजीवनलाई नयाँ विचार र समाधानहरू दिएका छन्। मानव खोजमा सबैभन्दा बढी रहस्यमय रहेको ब्रह्माणका बारेमा उनले धेरै नयाँ खोजहरू गरेका छन्। भौतिक विज्ञानमा मात्र नभएर भौतिकवादको खोजमा पनि उनको निकै ठूलो योगदान रहेको छ।

स्टेफेन हकिङद्वारा लिखित र सन् १९८८ मा पहिलोपटक प्रकाशित पुस्तक समयको सङ्क्षिप्त इतिहासमा भौतिकशास्त्रका धेरै सिद्धान्तहरूका बारेमा उल्लेख गरिएको छ।

क्रमश : पृष्ठ २ मा

## सम्पादकीय

# किन आँखा खुलेको छैन !

जनमुक्ति सेनाका पूर्वकमान्डर झलकुमार भगतका दाजु नन्दुलाल थारूले सर्वोच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको मुद्दा न्यायाधीशद्वय विश्वम्भर श्रेष्ठ र ईश्वर खतिवडाको इजलासले खारेज गरिदिएको छ। मुद्दा खारेज हुनु ठूलो कुरा होइन तर यो मुद्दा खारेज हुनुले दूरगामी महत्व राखेको छ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का अध्यक्ष जो जनमुक्ति सेनाका सर्वोच्च कमान्डर पनि थिए, उनले तत्कालीन शाहीसेना, सशस्त्र र जनपद प्रहरीहरूलाई विद्रोह गरी जनमुक्ति सेनामा सामेल हुन आह्वान गरेका थिए । त्यही आह्वानलाई स्वीकार गरेर सयौँ सेना र प्रहरीहरूले हतियारसहित विद्रोह गरेर जनयुद्धमा सामेल भएका थिए । यसै प्रक्रियामा झलकुमार भगत २०६२ साल साउन ८ गते तत्कालीन शाही नेपाली सेनाको विष्णु दल गुल्मबाट अत्याधुनिक हतियारहरू गलिल, इन्सास राइफल, त्यसमा लाग्ने म्यागेजिन र ह्यान्ड ग्रिनेटसहित विद्रोह गरी जनमुक्ति सेनामा प्रवेश गरेका थिए। उनी जनमुक्ति सेनाको क्याम्पमा रहँदा प्लाटुन कमान्डर भएका थिए।

झलकुमार भगतलाई २०७४ साल मङ्सिर ८ गते राती मोरङको सिद्राहस्थित आफ्नै घरमा सुतिरहेका बखत घर घेरा हालेर गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय मोरङमा लगी 'केही सार्वजनिक अपराध र सजाय ऐन' अन्तर्गत जिल्ला प्रशासन कार्यालय मोरङले मुद्दा चलाई साधारण तारेखमा रिहा गरेकोमा सेनाको पूर्वी पृतनालाई जिम्मा लगाइएको थियो। मङ्सिर १९ गते डोरीले बाँधी सेनाको हेलिकोप्टरमा राखेर काठमाडौँमा ल्याई भद्रकालीस्थित सैनिक प्रहरीगण भद्रकाली हिरासतमा राखिएको थियो।

यसैबीचमा नेपाली सेनाको समरी जनरल सैनिक अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरी २०७४ पुस १७ गतेदेखि केन्द्रीय कारागार जनगन्नाथदेवल काठमाडौँमा पठाएको थियो। दाजु नन्दुलाल भगतले सेनाको गैरकानुनी हिरासतबाट मुक्त गरी पाउन दिएको निवेदनउपर चैत ४ गते सुनुवाइ भएको थियो।

यो खारेजी प्रचण्डहरूले २०६३ साल मङ्सिर ५ गते गरेको विस्तृत शान्तिसम्झौताविपरीत फैसला गरिएको छ । अहिलेको केपी ओली सरकारमा प्रचण्डले नेतृत्व गरेको पार्टी सामेल मात्र छैन, अब आउने वैशाख ९ गते दुईवटा पार्टीका बीचमा एकता हुने कुरा उनीहरूले नै घोषणा गरिसकेका छन् । यो सरकारको गृहमन्त्रीमा उक्त पार्टीका शक्तिशाली नेता तथा जनयुद्धका एकजना पहलकर्ता र झलकुमारले विद्रोह गर्दै गर्दा त्यस कमान्डका इन्चार्ज रामबहादुर थापा 'बादल' नै छन् ।

झलकुमारमाथि नेपाली सेनाले लगाएको मुद्दा र सर्वोच्चले गरेको मुद्दा खारेजीप्रति प्रचण्ड पक्षधरहरूले अहिले हाइसन्चो मानेको जस्तो देखिन्छ। उनीहरू सरकारमा रहँदै गर्दा उनकै पार्टीका कार्यकर्ता तथा पूर्वसभासद् बालकृष्ण ढुङ्गेलहरू जनयुद्धकालीन मुद्दा उठाएर सर्वोच्च अदालतले हिरासतमा राख्ने निर्णयपछि उनलाई अहिले सर्वस्वसहित जन्मकैदको घोषणा गरी डिल्लीबजार कारागारमा राखेको छ। यस्तै मुद्दा नेकपा (माओवादी केन्द्र) का नेता अग्नि सापकोटालाई पनि लगाइएको छ। जनयुद्धका क्रममा तत्कालीन राज्यद्वारा लगाइएका मुद्दा कानुनी रूपमा राखेर गरिएको छैन।

यस्ता घटनाहरूलाई प्रचण्ड, बादलहरूले बेवास्ता गरिराखेका छन् । क्रान्तिकारी कम्युनिस्टमा हुनुपर्ने सबै मूल्यमान्यतालाई तिलाञ्जली दिई बुर्जुवा राज्यसत्तामा विलोपीकरण भएर सुख पाइन्छ भन्ने सोचेका होलान् । आफू पनि समावेश भएको राज्यसत्ताले यसरी जनयुद्धकालमा लगाइएका मुद्दाहरू भटाभट उल्ट्याइराख्दा पनि उनीहरूका आँखा खुलेका छैनन् । अहिले ती मुद्दाहरूलाई खारेज गरेनन् भने स्वयम् प्रचण्डलाई पनि यो राज्यसत्ताले नछाड्ने देखिन्छ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

▶▶ पृष्ठ १ बाट क्रमशः ......

# भौतिकवादमा स्टेफेन हकिङको योगदान

त्यसमध्ये भौतिकशास्त्रको इतिहास, गुरुत्व, ब्रह्माण्डमा प्रकाश कसरी चल्छ, दिक-काल, प्रारम्भिक कण, कृष्णविवर, महाविस्फोट र समयको यात्राका बारेमा यस किताबले बोलेको छ । यो किताबमा हकिङले भौतिकशास्त्रका बारेमा बोलेका छन्। उनले दर्शनशास्त्रीहरू अरिस्टोटल र टोलेमीका विचारका बारेमा पनि बोलेका छन् । यो किताब ऐतिहासिक भौतिकवादमा आधारित छ । एकातिर यसमा भौतिकशास्त्रका खोजको चरणबद्ध र सङ्गतिपूर्ण प्रस्तुति छ भने अर्कोतिर तथ्यहरूलाई भौतिकवादमा आधारित संश्लेषण गरिएको छ । त्यसैले हकिङका खोज र अन्वेषणको गहिरो अध्ययन गर्न जरुरी छ।

**हकिङको खोज**

**१-दिक र काल (Time and Space)**

हकिङले सूर्यको वरिपरि घुम्ने ग्रहहरूको चाल र गुरुत्वले कसरी काम गर्छ भन्ने व्याख्या दिक र कालमा गरेका छन् । यसका साथै उनले पूर्णतया स्थिर र पूर्णतया अवस्थितिका बारेमा पनि उल्लेख गरेका छन्। उनका अनुसार यो समयको अवधिमा भरपर्ने विचार भनेका छन् । यसका बारेमा न्युटनको गुरुत्वका नियमहरू सही छैनन् । बस्तु तीव्र गतिमा भएका बेलामा पूर्णतया स्थिर भन्ने विचारले काम गर्दैन भन्ने उनको भनाइ छ।

हकिङले प्रकाशका बारेमा पनि बोलेका छन्। घटनालाई प्रकाशको शङ्कु (cones) द्वारा व्याख्या गर्न सकिन्छ। प्रकाशको शङ्कुको माथिल्लो भागले घटनाको कताबाट प्रकाशले यात्रा गर्नेछ भन्ने कुरा बताउँछ। तल्लो तहले कताबाट प्रकाश आएको थियो भन्ने कुरा बताउँछ। प्रकाश शङ्कुको बीचको भाग घटना मानिन्छ । प्रकाश शङ्कुबाहेक हकिङले प्रकाश कसरी बाङ्गिन सक्छ भन्ने पनि बोलेका छन्। जब प्रकाश ठूलो पिण्ड भएर जान्छ प्रकाशले बिस्तारै पिण्डतिर आफ्नो दिशा मोड्छ।

हकिङले आइन्साटाइनको सापेक्षताको सिद्धान्तको समयका बारेमा पनि बोलेका छन् । आइन्साटाइनको सिद्धान्तको एउटा अनुमानमा समय कुनै ठूलो पिण्डको नजिकबाट जाँदैछ भन्ने जनाउँछ। हकिङले आफ्नो विचारलाई व्याख्या गर्न फरक ठाउँमा रहेका २ जना जुम्ल्याहालाई प्रयोग गरेका थिए। ती २ जनामध्ये एकजनालाई पहाडमा बस्न पठाइयो र अर्कोलाई समुद्र नजिक बस्न पठाइयो भने ती दुईजना जुम्ल्याहामध्ये पहाड पठाइएको समुद्रमा पठाइएको भन्दा अलि बढी बूढो हुन्थ्यो।

**२-ब्रह्माण्डको विस्तार (The Expanding Universe)**

हकिङले ब्रह्माण्डको विस्तार भइरहेको बताएका छन् । यसको व्याख्या गर्न उनले डोप्लरको सिफ्टको सहायता लिएका छन्। डोप्लरको सिफ्टका अनुसार कुनै वस्तु नजिक वा टाढा जाँदा दुईटा कुरा हुन्छ । कुनै वस्तु टाढा जाँदा रातोमा परिणत (red shifting) हुन्छ र नजिक आउँदा नीलोमा परिणत (blue shifting) हुन्छ। यो हामीतिर आएको प्रकाशको तरङ्ग लम्बाइ बढ्दा र आवृत्ति घट्दा हुने गर्छ जुन देखिने प्रकाश रातो/इन्फ्रा रेड विद्युत् चुम्बकीय वर्ण-पटमा गएर अन्त्य हुन्छ। रातो-सिफ्ट ब्रह्माण्डको विस्तार हुँदा प्रकाशको तरङ्ग लम्बाइ बढ्दा जोडिन्छ भन्ने विश्वास गरिन्छ, ग्रहहरू र आकाश गङ्गाहरू हामीबाट टाढिँदा धेरैजसो तन्कियो भने जुन डोप्लरको प्रभावसँग सुहाउँदो हुन्छ, ध्वनि तरङ्गसँग सम्मिलित हुन्छ । नीलो सिफ्ट त्यस बेला हुन्छ जब कुनै वस्तु हामीतिर आउँछ, रातो सिफ्टको ठीक उल्टो हुन्छ । जहाँ तरङ्ग लम्बाइ घट्छ र आवृत्ति बढ्छ। यस समयमा प्रकाश वर्ण-पटको नीलो सिफ्टमा अन्त्य हुन्छ । इड्विन हब्बल नामका एकजना वैज्ञानिकले राता ताराहरू हामीबाट टाढा गइराखेका छन् भन्ने पत्ता लगाएका थिए । हकिङले डोप्लरको सिफ्टले ब्रह्माण्ड ठूलो भैराखेको भन्ने व्याख्याको प्रयोग गरे । ब्रह्माण्डको सुरुआत महाविस्फोट भएको मानिन्छ।

**३-अनिश्चयको सिद्धान्त (The Uncertainty Principle)**

अनिश्चयको सिद्धान्तले एउटा कणको एकैसाथ गति र अवस्था पत्ता लगाउन सकिँदैन भन्छ। कण कहाँ छ भनेर कणमा प्रकाश चम्किएसँगै थाहा हुन्छ । जब तीव्र गतिको आवृत्ति प्रकाशमा प्रयोग हुन्छ। प्रकाशले कणको अवस्था लगभग थाहा पाउँछ। तर कणको गतिका बारेमा अनभिज्ञ भैदिन्छ। कम आवृत्तिको प्रकाशलाई प्रयोग गरिन्छ भने प्रकाशले कणको गति ठीकसँग पत्ता लगाउँछ । तर कणको अवस्थाका बारेमा अनभिज्ञ रहन्छ । अनिश्चयको सिद्धान्तले निश्चिततालाई असत्य साबित गऱ्यो । अथवा भविष्यमा केही चीजका बारेमा गरिएको अनुमानलाई असत्य साबित गरिदिएको हुन्थ्यो।

यो पुस्तकमा प्रकाशले कस्तो व्यवहार गर्छ भन्ने पनि राखिएको छ। कुनै सिद्धान्तहरूले प्रकाशले कणहरू जस्तै काम गर्छन् भनेको थियो। वास्तवमा तरङ्गजस्तो गर्छ। एउटा सिद्धान्तले प्लङ्कको क्वान्टम कल्पनाजस्तो भनेको छ । अर्को भिन्न सिद्धान्तले प्रकाश तरङ्गले कणहरू जस्तो गर्छ यसलाई हैसेनबर्ग अनिश्चयको सिद्धान्त भनिन्छ।

४-प्रारम्भिक कणहरू र बलहरूको प्रकृति (Elementary Particles and Forces of Nature)

क्वार्कहरू हामीले देख्ने प्रत्येक चीजको सबैभन्दा सानो भाग हुन् । क्वार्कहरू विभिन्न स्वाद भएका छ किसिमका हुन्छन् । यिनीहरू हुन् अप ब्वार्क, डाउन क्वार्क, स्ट्रेन्ज क्वार्क, चार्म्ड क्वार्क, बटम क्वार्क र टप क्वार्क। क्वार्कका रातो, हरिया र नीलो गरी ३ किसिमको रङका हुन्छन् । एन्टी क्वार्क पनि हुन्छन् तिनीहरू नियमित क्वार्कका विपरीत हुन्छन् । जम्माजम्मी १८ नियमित र १८ वटा विभिन्न एन्टी क्वार्क रहेका हुन्छन् । क्वार्कहरू 'वस्तुको निर्माण ब्लकहरू' का रूपमा चिनिन्छ । किनभने तिनीहरू ब्रह्माण्डमा भएका चीज निर्माणका सबैभन्दा साना बस्तु हुन्।

सबै प्रारम्भिक कणहरू (उदाहरणका लागि क्वार्कहरू) को फन्को (spin) हुन्छ। यही फन्कोले एउटा कणलाई विभिन्न दिशामा कस्ता देखिन्छन् भन्ने देखाउँछ। उदाहरणका लागि एउटा ० फन्को सबै दिशाबाट एकै किसिमको देखिन्छ। १ फन्को भएको एउटा कण जबसम्म ३६० डिग्रीमा पूर्ण रूपले घुम्दैन तबसम्म विभिन्न दिशामा फरक देखिन्छ । हकिङको उदाहरणमा एउटा कणको फन्को एउटा बाण हो । २ फन्को भएको कणलाई उस्तै देखिनका लागि आधा फन्को (१८० डिग्री) लगाउनुपर्ने हुन्छ। किताबमा डबल-हेडेड बाण उदाहरण दिइएको छ। ब्रह्माण्डमा विभिन्न समूहका कणहरू छन्। १/२ फन्को भएका कणहरू, र ०, १ अथवा २ फन्को भएका कणहरू हुन् । यी सबै कणहरूले पाउलको एक्सक्लुजन सिद्धान्तलाई पछ्याउँछन् । पाउलको एक्सक्लुजन सिद्धान्तले कणहरू एकै ठाउँमा हुन सक्दैन वा उही गतिमा हुन सक्दैन भन्दछ। पाउलको एक्सक्लुन सिद्धान्त अस्तित्वमा रहँदैनथ्यो भने ब्रह्माण्डका प्रत्येक बस्तु एकै रूपको लेदो झोलजस्तै देखिने थिए।

०, १ र २ फन्को भएका कणहरू एकातिरबाट अर्कोतिर चल्छन्। ती कणका केही उदाहरणहरूमा प्रभावकारी गुरुत्वाणु (कणको गुरुत्व) र प्रभावकारी फोटोनहरू हुन्। प्रभावकारी गुरुत्वाणुको २ फन्को हुन्छ र तिनीहरूले गुरुत्व बलको प्रतिनिधित्व गर्दछन् । यसको मतलब जब गुरुत्वको दुईवटा असर हुन्छन्, गुरुत्वाणुहरू चल्छन् । प्रभावी फोटोनहरूको एउटा १ फन्को छ र यसले विद्युत् चुम्बकीय बलको प्रतिनिधित्व गर्दछ (अथवा परमाणुलाई अड्याइराख्छ)।

गुरुत्व र विद्युत् चुम्वकीय बलहरूबाहेक त्यहाँ कमजोर र बलिया आणविक बलहरू पनि हुन्छन् । कमजोर आणविक बलहरू रेडियोधर्मिताका कारण भएका बल हुन् अथवा जब पदार्थले ऊर्जा उत्सर्जन हुन्छ तब हुने हो । कमजोर आणविक बलहरू एउटा १/२ फन्को भएका कणहरूमा काम गर्दछ। बलियो आणविक बलहरू ती बल हुन् जसले क्वार्कहरूलाई न्युट्रोन र प्रोटोनमा सँगसँगै राख्छ र प्रोटोन र न्युट्रोनहरूलाई परमाणुमा सँगसँगै राख्दछ । बलियो आणविक बल बोकिराख्ने कणलाई ग्लुअन भनिन्छ । १ फन्को भएको कण नै ग्लुअन हो । न्युट्रोन र प्रोटोनबाट क्वार्कलाई ग्लुअनले अड्याइराख्छ । तैपनि ३ वटा रङ भएका क्वार्कहरूलाई मात्र ग्लुअनले अड्याउँछ । यसले रङ नभएको उत्पादन बन्द हुन पुग्छ । यसलाई एकान्तवास (confinement) भनिन्छ।

केही वैज्ञानिकहरूले विद्युत् चुम्बकीय बल, कमजोर आणविक बल र बलियो आणविक बललाई समायोजन गर्ने सिद्धान्त बनाउने कोसिस गरेका थिए । यसलाई बृहत् एकीकृत सिद्धान्त (grand unified theory-GUT) भनिन्छ। यो सिद्धान्तले यी बलहरूलाई एउटा ठूलो एकीकृत बाटो वा सिद्धान्तमा व्याख्या गर्ने कोसिस गर्दछ।

**५-कृष्णविवर (Black Holes)**

ताराहरू एउटा सानो बिन्दुमा गएर लोप हुनेलाई कृष्णविवर भनिन्छ। त्यसको सानो बिन्दुलाई एउटा सिङ्गुलारिटी भनिन्छ। सिङ्गुलारिटी एउटा यस्तो दिक-कालको बिन्दु हो जुन उच्च वेगमा घुम्छ । त्यसकारणले कृष्णविवरहरूको समय हुँदैन । कृष्णविवरहरूले बस्तुहरूलाई उनीहरूको केन्द्रतिर सोस्छन् । किनभने कृष्णविवरको गुरुत्व धेरै बलियो हुन्छ । त्यसले प्रकाश र ताराजस्ता चीजहरूलाई पनि सोस्न सक्छ। केवल धेरै ठूला ताराहरू (जसलाई सुपर जियन्टस भनिन्छ) कृष्णविवर हुनका लागि अवश्यक छ। सूर्यभन्दा डेढ गुना ठूलो पिण्ड भएका ताराहरू मात्र कृष्णविवर बन्न सक्छन् । यो सङ्ख्यालाई चन्द्रशेखर सीमित (Chandrasekhar limit) भनिन्छ । चन्द्रशेखर सीमितभन्दा कम पिण्ड भएका तारा, कृष्णविवरमा परिणत हुनेछैन, सट्टामा, यो एउटा फरक परिणत, एक किसिमको सानो तारा बन्नेछ। कृष्णविवर बन्ने सिमानालाई इभेन्ट होराइजन भनिन्छ। कुनै चीज इभेन्ट होराइजनमा रहेका छन् भनें, तिनीहरू कहिल्यै पनि कृष्णविवरबाट बाहिर निस्कदैनन्।

कृष्णविवरका विभिन्न आकारहरू हुन्छन्। केही कृष्णविवरहरू पूर्ण गोलाकार-बल (भकुन्डो) जस्ता छन्। अरू बीचमा उज्याला छन्। परिक्रम नगर्ने कृष्णविवरहरू गोलाकार हुनेछन्। कृष्णविवरहरूले परिक्रम गर्दा मध्यभागमा चम्किन्छन्।

कृष्णविवरहरूलाई पत्ता लगाउन अप्ठ्यारो छ किनभने तिनीहरूले बाहिर प्रकाश फाल्दैनन् । जब तिनीहरूले अरू ताराहरू सोस्छन् त्यस बेलामा मात्र तिनीहरूलाई पत्ता लगाउन सकिन्छ । जब कृष्णविवरहरूले अरू ताराहरूलाई सोस्छन् तब कृष्णविवरले एक्स-रे बाहिर फाल्छ। त्यसलाई टेलिस्कोपद्वारा मात्र देख्न सकिन्छ । हकिङ उनको यो विचार अर्का वैज्ञानिक किप थोर्नसँग भन्छन् । हकिङले कृष्णविवरहरू जीवित थिएनन् भने । उनले कृष्णविवरमाथिको आफ्नो काम बेकारमा नजाओस् भन्ने सर्त चाहेका थिए।

हकिङले कृष्णविवरका इभेन्ट होराइजनले केवल ठूलो बनाउनेछ, सानो होइन भन्ने कुरा महसुस गरेका थिए। जब कुनै चीज कृष्णविवरमाथि खस्छ तब कृष्णविवरको इभेन्ट होराइजनको क्षेत्र ठूलो भैराख्छ। उनले जब दुईवटा कृष्णविवरहरू जोडिन्छन्, ती दुईवटा कृष्णविवर वा तिनीहरूको आकारको भन्दा ठूलो आकारमा तिनीहरूको इभेन्ट होराइजन हुन्छ भन्ने पनि महसुस गरेका थिए। यसको मतलब कृष्णविवरका इभेन्ट होराइजनहरू कहिल्यै पनि सानो हुँदैनन्।

विक्रम (क्रम बिग्रिएको), जसलाई उत्क्रम-माप पनि भनिन्छ, कृष्णविवरसँग सम्बन्धित छन् । उत्क्रमसँग विज्ञानका नियमहरूले काम गर्नुपर्दछ। यो नियमलाई थर्मोडाइनामिक्सको दोस्रो नियम भनिन्छ र यसले भन्छ- उत्क्रम एउटा एकान्तबास प्रणाली (उदाहरणका लागि ब्रह्माण्ड) मा बढ्नेछ। कृष्णविवरको इभेन्ट होराइजनको आकार र त्यसको उत्क्रमको मात्राको बीचको सम्बन्धका बारेमा एकजना विद्यार्थी ज्याकोब बेकेन्स्टेनले पहिलोपटक सोचेका थिए । हकिङको कृष्णविवरले विकिरण उत्सर्जन गर्छ भन्ने हिसाबमा प्रमाणित गरेका थिए। यो अचम्मको थियो किनभने कृष्णविवरको इभेन्ट होराइजनबाट केही पनि फुत्किन सक्दैन भन्ने यसअघि नै भनिएको थियो।

यो समस्याको समाधान जब "प्रभावकारी कणहरू" का बारेमा विचार गरिएको थियो त्यसपछि निस्किएको थियो । एउटा कण कृष्णविवरमा खसेको हुन्थ्यो भने अर्को फुत्किएको हुन्थ्यो। यसले कृष्णविवरले कणहरू उत्सर्जन गरेको जस्तो हुने थियो । सुरुमा यो विचार अद्भुतजस्तो थियो। तर धेरैपछि मात्र मान्छेहरूले यसलाई बिस्तारै स्वीकार गरेका थिए।

**६-ब्रह्माण्डको उत्पत्ति र निर्धारण (The Origin and Fate of the Universe)**

धेरै वैज्ञानिकहरू ब्रह्माण्डको सुरुआत एउटा विस्फोटन जसलाई महाविस्फोट भनिन्छ त्यसबाट भएको विश्वास गर्दछन् । यो मोडेललाई गरम महाविस्फोट (hot big bang model) भनिएको छ। जब ब्रह्माण्ड ठूलो हुन थाल्छ यसभित्रका चीजहरू पनि चिसा हुन थाल्छन् । जब ब्रह्माण्डको सुरुआत भएको थियो यो अनन्त तातो थियो । ब्रह्माण्डको तापक्रम चिसो हुन थालेपछि ब्रह्माण्डभित्र सङ्कुचन (ठोस हुन थाल्नु) सुरु भएको थियो।

हकिङले ब्रह्माण्ड कसरी बन्न सक्यो होला भन्नेबारेमा पनि बोलेका छन् । उदाहरणका लागि ब्रह्माण्ड छिट्टै बनेर लोप भएको हुने थियो भने त्यहाँ जीवनका लागि प्रसस्त समय हुँदैनथ्यो। अर्को उदाहरण : के ब्रह्माण्ड छिट्टै विस्तार भएको थियो होला ? ब्रह्माण्ड छिट्टै विस्तार भएको थियो भने यो पूर्ण खाली थियो होला। धेरै ब्रह्माण्डहरू भएको भन्नुलाई धेरै विश्वको व्याख्या (many-worlds interpretation) भनिन्छ।

क्वान्टम यान्त्रिकी र गुरुत्वलाई एकता गर्ने त्यो सिद्धान्तको विचारमा यस च्याप्टरमा प्रशस्त नमुनाहरूमा बहस गरिएको गरिएको छ।

प्रत्येक कणहरूको धेरै इतिहासहरू हुन्छन् । यो विचारलाई फेइनम्यानको इतिहासमाथिको सिद्धान्तहरूको योगका रूपमा चिनिन्छ । क्वान्टम यान्त्रिकी र गुरुत्वलाई एकीकृत गर्ने सिद्धान्तका रूपमा फेइनम्यानको सिद्धान्त हुनुपर्दछ । कणले एउटा बिन्दुबाट प्रवेश गर्ने अवसर पाउनका लागि प्रत्येक कणका तरङ्गहरूलाई जोड गर्न आवश्यक हुन्छ। यी तरङ्गहरू काल्पनिक समय (imaginary time) मा हुन्छन् । काल्पनिक सङ्ख्याहरू जब तिनीहरूलाई गुणन गरिन्छ, परिणाम ऋणात्मक सङ्ख्यामा आउँछ। उदाहरणका लागि 2i X 2i = -4

**कति भौतिकवाद सङ्गतिपूर्ण ?**

स्टेफेन हकिङले समयको सङ्क्षिप्त इतिहास (A Brief History of Time), बृहत् योजना (The Grand Design), कृष्णविवर र समय भङ्काव (Black Holes and Time Warps), बोक्राभित्र ब्रह्माणहरू (The Universe in a Nutshell), दिग्गजहरूको काँधमा (On The Shoulders Of Giants) भौतिकशास्त्रमा आधारित किताबहरू लेखेका थिए भनें उनले खोज गरेको कृष्णविवरमा आधारित रहेको बाल उपन्यास उनी र उनकी छोरी लुई हकिङ मिलेर जर्जको ब्रह्माण यात्रा (George's Secret Key to the Universe) लेखेका थिए।

सन् २०११ मा उनले दर्शन मऱ्यो भनेका थिए । उनले दार्शनिकहरूले विज्ञानको आधुनिक विकासलाई आत्मसात नगरेको, वैज्ञानिकहरू राम्रो ज्ञानको खोज र आविष्कारको प्रकाशवाहक भएकोप्रति विश्वास व्यक्त गरेका थिए। उनले दार्शनिक समस्याहरूलाई मुख्य रूपमा नयाँ वैज्ञानिक सिद्धान्तहरूबाट जसले हामीलाई हाम्रो स्थान र ब्रह्माण्डका बारेमा नयाँ र एकदमै फरक चित्रतिर डोऱ्याउने विज्ञानद्वारा उत्तर दिन सकिन्छ भनेका थिए।

धर्मप्रति उनको धारणा भौतिकवादी थियो। उनकै भनाइमा उनी सामान्य चेतनामा धार्मिक होइनन् र ब्रह्माण्ड विज्ञानको नियमहरूले शासित वा नियन्त्रित छ भन्नेमा विश्वास राख्दछन्। धर्म प्राधिकारमा आधारित छ भने विज्ञान अवलोकन र कारणमा आधारित र विज्ञानले जित्ने छ किनभने विज्ञानले काम गर्छ भन्ने उनको भनाइ थियो। उनले गार्जेन भन्ने पत्रिकालाई अन्तर्वार्ता दिँदै भनेका थिए, स्वर्ग वा पुनर्जीवन हुँदैन। यस्ता भावहरू अँध्यारोबाट डराएका मान्छेका लागि बनाइएका काल्पनिक कथा मात्र हुन्।

अमेरिकाको डिस्कभरी च्यानललाई अन्तर्वार्ता दिँदै उनले हामी धर्मप्रति स्वतन्त्र छौँ तर मेरो सामान्य व्याख्यामा भगवान् छैन भन्ने हो भनी घोषणा गरेका थिए। ब्रह्माण्ड कसैले बनाएको होइन र हाम्रो भाग्यमाथि कसैले निर्देशन गर्दैन । यसले मलाई अगाध महसुसतिर डोऱ्याउँछ । सायद त्यहाँ स्वर्ग छैन, पुनर्जन्म पनि छैन । हाम्रो यो एउटा जीवन बह्माण्डको बृहत् योजनाबाट स्वीकार्य भएको हो । यसका लागि म आभारी छु । सन् २०१४ को सेप्टेम्बरमा उनी स्टारमस उत्सवमा ईआई मुण्डोलाई किनोटको सहायताबाट बोल्दै अन्तर्वार्ता दिँदै गर्दा आफूलाई नास्तिक घोषणा गरेका थिए । उनले विज्ञानलाई बुझ्नुभन्दा पहिला भगवान्ले ब्रह्माण्ड बनाएको भनी विश्वास गर्नु स्वाभाविक नै हो भनी टिप्पणी गरेका थिए। तर अहिले विज्ञानले धेरै नै विश्वासनीय व्याख्याहरू दिइसकेको छ भनेका थिए।

**निष्कर्ष**

जुलाई १८८७ मा अल्वर्ट ए.मिकेल्सन र इवार्ड डब्लू मोर्लेले इथरमाथि गरिएको परीक्षण असाध्यै प्रख्यात तर असफल भएको थियो । यो परीक्षणले भगवान् नरहेको पुष्टि गरेको थियो। भगवान् छैन भनेर परीक्षणद्वारा पुष्टि गरेका अधिकांश वैज्ञानिकहरूले नै भगवान्प्रति आस्था राख्दै आएका छन्। तर स्टेफेन हकिङ भगवान्प्रति विश्वास त गरेनन् नै उनले आफ्ना चर्चित प्रवचनहरूमा भगवान् नभएका तथ्यहरू पेस गरेका थिए। त्यसैले उनी आदर्शवादी नभएर भौतिकवादी थिए भन्ने पुष्टि हुन्छ।

उनका समयको सङ्क्षिप्त इतिहासदेखि बृहत् योजनासम्म पढ्दा उनका खोज र आविष्कारहरू ऐतिहासिकतामा तथ्यहरू खोजिएको छ र निष्कर्षचाहिँ भौतिकवादमा आधारित रहेर गरिएको छ। यसको पुष्टि अरिस्टोटलका खोजहरूबाट सुरु गरेर आफ्नो

... बाँकी पृष्ठ ७ मा

# यो व्यवस्थामा जनताले न्याय पाउँदैनन्



**एकराज भण्डारी**
वरिष्ठ अधिवक्ता एवम् पूर्वसभासद्

» ***गोपाल पराजुली प्रकरण के हो ? कसरी हेर्नुभएको छ ।***

गोपाल पराजुली प्रकरणले नेपालमा न्यायप्रणाली कस्तो रहेछ भन्ने देखायो । यो एउटा प्रतिनिधि परिघटना हो । नेपालको इतिहासमा यस्तो पहिलोपटक भएको भन्ने देखिन्छ । यसको वास्तवमा सुरुआत कसरी भयो भने नेपालमा राजनीतिक परिवर्तन भइसकेपछि जनताको जनपहुँचको अदालत अथवा न्यायप्रणालीमा जनताको सहज पहुँच मान्छेले खोजिराखेका थिए । तर त्यो सहज पहुँच जनताले पाउने परिस्थिति भएन । न्यायालय जनताप्रति उत्तरदायी हुने व्यवस्था अहिले भर्खरै हुने संविधानमा राख्दा गोपाल पराजुली घटना प्रकरण भयो । गोपाल पराजुलीको नियुक्ति मिति २०४८ सालमा हुँदा पनि विवाद थियो । उहाँ एउटा राजनीतिक पृष्ठभूमिको मान्छे हो । राजनीतिक पृष्ठभूमिका लागि देखीदेखी नियुक्ति गर्ने कि नगर्ने भन्ने सम्बन्धमा मिडियाले त्यो बेला पनि लेखेकै हो । पछि उहाँ पुनरावेदन अदालतबाट सर्वोच्च अदालतमा आउँदा अथवा पुनरावेदन अदालतको मुख्य न्यायाधीश हुँदा यो प्रश्न जहाँको तहीँ रह्यो । त्यसपछि सर्वोच्च अदालतमा प्रधानन्यायाधीश हुँदा पनि यो प्रश्न उठेकै हो । गोपाल पराजुली प्रधानन्यायाधीश हुने कि नहुने भनेर पछिल्लो चरणमा आउँदा जुन बेला प्रधानन्यायाधीश सुशीला कार्की हुनुहुन्थ्यो । उहाँ र पराजुलीका बीचको अन्तरविरोध चर्को रूपमा देखापर्‍यो । मुद्दाकै विषयलाई लिएर त्यसबेलाकी प्रधानन्यायाधीश सुशीला कार्की र पराजुलीबीचमा अन्तरविरोध देखियो । त्यसपछि गोपाल पराजुलीको नागरिकता भएको जन्ममितिका बारेमा विभिन्न टीकाटिप्पणी भए । उहाँको फरकफरक जन्ममिति छन् । शैक्षिक योग्यताको प्रमाणपत्रमा एउटा मिति, नागरिकताको प्रमाणपत्रमा एउटा जन्ममिति भन्ने कुरा आयो । सुशीला प्रधानन्यायाधीश हुँदा नै एउटा टुङ्गो लगाउनुभएको थियो । गोपाल पराजुलीको जुन पहिला जन्ममिति थियो, पुरानो जन्ममिति थियो जुन छिट्टै रिटायर हुने निर्णय भएको थियो । पछि गोपाल पराजुली प्रधानन्यायाधीश हुँदाखेरि त्यो निर्णयलाई बेवास्ता गरेर उहाँले त कानुन नै संशोधन गर्न भ्याउनुभयो । न्यायपरिषद्को एउटा दफा ३१ लाई संशोधन गर्नुभयो । विभिन्न किसिमका प्रमाणपत्रको मिति खुलेपछि अन्तिम जन्ममिति खुलेको प्रमाणपत्र लागू गर्नुपर्छ । सबभन्दा पहिला जुन मिति टुङ्गिन्छ त्यसलाई मान्नुपर्छ भनियो । त्यसको जानकारी न्यायपरिषद्ले समितिलाई दिनुपर्छ भन्ने कानुनले व्यवस्था गर्‍यो । पछि गोपाल पराजुली प्रधानन्यायाधीश हुँदाखेरि नै कानुन संशोधन भएको हो । संसद्ले बनाएको त्यो कानुनमा त्यस्तो राखियो । यो कुरा थाहा थिएन । बाहिर प्रश्न त उठ्यो । गोपाल पराजुली न्यायाधीश नियुक्त हुँदाखेरि अपडेट गरेका, अभिलेखमा भएको शैक्षिक योग्यताको प्रमाणपत्रमा एसएलसी पास गरेको शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र राखिएको रहेनछ । क्याम्पस स्तरमा पढेका शैक्षिक योग्यताको प्रमाणपत्रमा पछिल्लो पछिसम्म रहने (चैतवैशाख) सम्म रहने भन्ने रहेछ ।

यही कुरामा विवाद हुँदा गोविन्द केसीले यो कुरा उठाउँदाखेरि उहाँलाई मानहानि हालियो । वास्तवमा उहाँलाई मानहानि अथवा अदालतको अवहेलनाको मुद्दा ल्याइयो यो वास्तवमा गलत गरियो । यसले उस्काइदियो । गोविन्द केसीले अपहेलना मुद्दा ल्याउँदा मैले पनि उहाँकै पक्षबाट बहस गरेको थिएँ । मेरो प्रश्न के थियो भने प्रधानन्यायाधीश भनेको व्यक्तिगत पद होइन, सार्वजनिक पद हो । जोकोही जनताले प्रधानन्यायाधीशप्रति गरेका कामकारबाहीमा औंला उठाउने, प्रश्न गर्ने अधिकार यो संविधानले दिन्छ । गोविन्द केसीले प्रश्न उठाइदिनुभयो- तिम्रो शैक्षिक योग्यता र नागरिकतामा विवाद छ । विवाद भएपछि तिमीले स्पष्ट पार भनेर प्रश्न उठाउँदाखेरि अवहेलनाको मुद्दा लगाइयो । त्यो वास्तवमा विडम्बना हो । त्यसरी प्रश्न उठाएको उत्तर नदिईकन उहाँलाई उल्टो मुद्दा लगाइयो । पछिल्लोपटक यसै विषयलाई लिएर कान्तिपुरमाथि पनि अवहेलना मुद्दा पर्‍यो ।

जसरी अदालत कसैप्रति पूर्वाग्रही हुनु हुँदैन, मिडियाले पनि कसैप्रति आग्रह र पूर्वआग्रह राख्नु हुँदैन । तर आग्रह र पूर्वाग्रह जेसुकै होस् मलाई थाहा छैन तर के हो भने कान्तिपुरले अदालतले उठाएका प्रश्नहरूका बारेमा उहाँ प्रधानन्यायाधीश हुँदाखेरि व्यापारीहरूलाई (जो दलालसँग सम्बन्धित थिए) जिताइदियो भन्ने कुरा पनि तथ्याङ्कसहित दियो । सबै विषय हेर्दा अब उहाँलाई पूर्वाग्रही ढङ्गले मुद्दा चलाइएको हो कि भन्ने भान पनि पर्‍यो । कान्तिपुर र उसका सञ्चालकहरूविरुद्ध पनि अवहेलनाको मुद्दा पर्‍यो ।

अदालतप्रति अदालत मानहानी अथवा अपहेलना भनेको त अदालतले गरेका सही फैसला अथवा इन्साफ गर्दाखेरि इन्साफलाई प्रभाव पार्ने किसिमले अदालतले न्यायसम्बन्धी कामलाई प्रभाव पार्ने हुन्छ त ? अदालतलाई उसको फैसला कार्यान्वयन नहुने किसिमको भए पो मानहानि हुन्छ त । तर अदालतमा न्यायाधीशको हैसियत ग्रहण गर्ने व्यक्तिले आचारसंहिता नमान्ने अरूले जे गरे पनि हुने अथवा उसले गरेका गलत काम कारबाहीका टीकाटिप्पणी पत्रपत्रिकाले गर्छ भने कुनै जनताले ती प्रश्नहरू उठाउँछ भने त्यस्तोमा अवहेलनाको मुद्दा लगाइनु हुँदैन । तर यहाँ के गरियो भनेपछि त्यस्ता व्यक्तिहरूलाई आग्रहपूर्वाग्रहका साथ मुद्दा लगाइयो । यो वास्तवमा तथ्य हो । यसमा प्रधानन्यायाधीशलाई प्रश्न उठिसकेपछि उनले यसका बारेमा जवाफ दिनुपर्थ्यो कि ! मेरा प्रमाणपत्रहरू यी हुन्, मेरो प्रमाणपत्रमा योयो मिति खुलेको छ । यी सक्कली हुन्, यी यस्ता हुन् भनी उठेका प्रश्नहरूको जवाफ प्रधानन्यायाधीशले दिनुपर्थ्यो, त्यो भएन । यसले न्यायप्रणालीलाई प्रभाव पार्‍यो । अदालतका न्यायाधीशले जे गरे पनि हुने रहेछ, जनताले विवरण ढाँटेर दिएका शैक्षिक योग्यता, नागरिकतामा भएका विवरणका आधारमा दण्डित हुनुपर्ने तर त्यही कुरा उच्च पदमा, न्यायिक पदमा बसेका व्यक्तिले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र देखाए पनि गलत गरेर देखाउने परिपाटीले इन्साफ गर्ने ठाउँबाट जे गरे पनि हुँदो रहेछ, जनताका पक्षमा नहुँदो रहेछ । एउटा प्रधानन्यायाधीशका विरुद्ध परेको मुद्दामा आजको भोलि हुने चूडामणिजस्ता कर छल्ने दलालबाट सञ्चालित छन् भनेर मिडियाबाट आएका कुरा हुन्, उहाँको भोलिपल्टै हुने ! यस्ता ठूला मुद्दाहरू जो रकम पनि ठूलो भएका, अलि प्रभावशाली मुद्दाहरू आजकै भोलि हुने तर सर्वोच्च अदालतमा २०५५ सालमा बन्दी प्रत्यक्षीकरणको मुद्दा २४ घन्टाभित्र आदेश गर्नुपर्छ भन्दा १० वर्षपछि २०६४ सालमा फैसला भएको मलाई थाहा छ । राजेन्द्र ढकालको मुद्दामा त्यस्तै गरियो ।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुली प्रकरण केस पर्दापर्दैको अवस्थामा एकजना शाहीसेनाका तत्कालीन मान्छे जनमुक्ति सेनामा विद्रोह गरेर प्रवेश गरे तिनलाई अहिले आएर विप्लव माओवादीमा काम गरेको भन्ने आधारमा पक्राउ गरेर भगौडा सेना भनेर कारबाही चलायो । तिनलाई मङ्सिर १७ गते सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको मुद्दा चलाए । मङ्सिर १७ गते चलेको बन्दी प्रत्यक्षीकरणको मुद्दाको पालो नआएर २०७४ चैत ४ गते बल्ल पेसी चढाएर बल्ल मुद्दामा बहस गरेर म आउँदैछु । फैसला के भयो थाहा छैन । बन्दी प्रत्यक्षीकरणको, त्यो पनि शान्तिप्रक्रियाको विषय हो । त्यसले प्राथमिकता पाएन तर प्रधानन्यायाधीशको कुरा, कान्तिपुरसँग जोडिएका मुद्दाहरूले छिटोछिटो प्रथमिकता पाउनुमा जनतालाई के अनुभूति गर्न बाध्य पार्‍यो भने वास्तवमा पहुँच नहुनेहरूले सहज ढङ्गले न्याय पाउँदा रहेनछन् । गोपाल पराजुलीले राजीनामा दिनुभन्दा पहिले न्यायपरिषद्का सचिवले तिम्रो उमेर ६५ वर्ष पुगिसक्यो भनेर तपाईंलाई जानकारी दिन्छु भनेर सेवाबाट हटेको पत्राचार गर्नुभयो । त्यो पत्राचारका बारेमा कानुन व्यवसायीबीच थुप्रै ठाउँमा चर्चा र परिचर्चा भयो । एउटा प्रधानन्यायाधीशको जागिर सचिवले फालिदिन सक्ने हो कि ? कानुनमा के व्यवस्था छ भने संविधानले प्रधानन्यायाधीशको पदमा बस्ने कुनै पनि न्यायाधीशको उमेर ६५ वर्ष पुग्नेबित्तिकै उनले छोड्नुपर्छ । त्यसका लागि न्यायपरिषद्को ऐनमै के लेखेको छ भने त्यो कुराको जानकारी ६० दिनभित्र न्यायपरिषद्ले सम्बन्धित न्यायाधीशलाई दिनुपर्छ भन्ने छ । तर ६० दिनभन्दा ६ महिना पछाडि गएको छ । ६० दिनपहिले नै तिम्रो ६५ वर्ष उमेर पुग्दैछ है भनेर जानकारी दिनुपर्थ्यो ।

उहाँको पदावधि पूरा भएको सचिवले पत्राचार गर्ने फेरि गएर राजीनामा दिने, यो त न्यायपालिकाको गाईजात्रा हो । कानुन परिपालन गराउने कुरामा व्याख्याको जिम्मेवारी संविधानले तोकेको निकायबाट यस्ता किसिमको क्रियाकलाप हुँदा जनतामा भ्रम सिर्जना भएको मात्र होइन, न्यायप्रणालीको विश्वासमा समेत प्रश्नचिह्न खडा भएको छ ।

यो पनि पुरानै ढर्राको संविधान हो । यसमा ०४७ सालको संवैधानिक व्यवस्थाभन्दा नयाँ कुनै छैन । सङ्घीय संरचनाको पनि छैन अहिले पनि सर्वोच्च अदालतका न्यायाधीशले भ्रष्टाचार गर्‍यो भने तिनलाई कारबाही गर्ने खास प्रभावकारी ठाउँ छैन ।

» ***अहिलेको न्यायप्रणालीबाट आमजनताले कस्तो न्याय पाउलान् ?***

न्यायप्रणाली कस्तो छ भने अदालत ३ तहका छन् । सुरु तह, पुनरावेदन क्षेत्राधिकार रहेका उच्च अदालत र सर्वोच्च अदालत । सुरुको अदालत जहाँ जनताको पहुँच छ त्यो अदालतका अर्धन्यायिक निकायहरू पनि छन् । जस्तो जिल्ला प्रशाासन कार्यालय छन् । केही स्थानीय निकायलाई पनि न्यायको अधिकार दिइएको छ । त्यस्तैगरी अर्धन्यायिक निकायहरू छन् । बनसम्बन्धी हेर्ने एउटा छ, स्वास्थ्यसम्बन्धी, जग्गासम्बन्धी निर्णय गर्ने अर्को छ, सार्वजनिक अपराध, श्रमसम्बन्धी निर्णय गर्ने आदि । यी विषयहरू फरकफरक छन् । जे होस् आम जनताले नेपालमा न्याय पाएको अनुभूति गर्न पाएको देखिँदैन । पहिलो कुरा त न्याय ढिला हुनु नै न्याय होइन भन्ने कानुनी सिद्धान्त छ । अदालतले फैसला गरेर मात्र न्याय हुँदैन भन्ने छ । त्यसको कार्यान्वयन हुनुपर्दछ । नेपालको न्याय महँगो छ । मर्का परेको जनताले इन्साफ माग्न जाँदाखेरि नै सबैभन्दा महँगो शुल्क तिर्नुपर्छ । जनताले कति शुल्क तिर्ने त ? राजस्व पनि उसलाई महँगो छ इन्साफ पाउने कुरामा । बरु सरकारले लेओस् न छुट्टै कर । मुद्दा गर्दा जुन कर लगाइन्छ त्यसले पनि एउटा गरिब मान्छे इन्साफका लागि आउन गाह्रो छ । त्यसकारण जनताको पहुँच न्यायालयमा सहज हुन सकेन । लोकतान्त्रिक भनिएको यो व्यवस्थाभित्रको न्यायप्रणाली नयाँ भएको अनुभूति गरेका छैनौं भन्ने कुरा संविधान लागू भएको २ वर्षअगाडि र २ वर्ष पछाडिको संविधान हेर्ने हो भने थाहा हुन्छ । जनता यसमा कुनै फरक पाएको छैन । हिजो आन्दोलनमा लागेका कयौं मानिस आज पनि हरेक २/२ महिनामा तारिख धाइराखेका छन् । बर्सौंदेखि सर्वोच्चको तारिखमा छन्, जिल्ला अदालतमा मुद्दा छन् । जनताले परिवर्तनको अनुभूति गर्न पाइरहेको छैन । राजस्वको कर छल्नेहरूले उन्मुक्ति पाएको देखिन्छ । जनताले इन्साफ पाएको देखिँदैन । ढिला इन्साफ पाउँदा अहिलेको प्रणालीबाट जनता सन्तुष्ट छैन । अर्को कुरा सर्वोच्च अदालतका न्यायाधीशका बारेमा अहिले गोपाल पराजुलीकै सम्बन्धमा यत्रो प्रश्न उठ्यो । उहाँले नछोड्नुन्जेल केही गर्न सकिएन । महाभियोग लगाउने प्रावधान संविधानमा छ । सुशीला कार्कीलाई पनि प्रधानन्यायाधीश हुँदा उहाँका विरुद्ध पनि महाभियोग ल्याइयो । किन ल्याइयो त्यो पनि जस्टिफाई छैन । किन फिर्ता लियो त्यो पनि जस्टिफाई छैन । महाभियोगको प्रवधान राजनीतिक दलहरूले न्यायाधीशको घाँटीमा तरबार झुन्ड्याएको जस्तै छ । तर त्यहाँ स्वार्थ जुर्दा पास नहुने हुँदो रहेछ । यसले के देखिन्छ भने महाअभियोगको विषयवस्तुले मात्र हुँदैन । कार्यान्वयन हुने देखिँदैन । न्यायाधीशले गल्ती गरेको छ भने त्यसको सम्बन्धमा एउटा छुट्टै कानुन बन्नुपर्थ्यो । भ्रष्टाचारको मुद्दामा रहेको न्यायाधीशले गलत काम गर्‍यो भने उसका सम्बन्धमा कसरी मुद्दा चलाउने, महाभियोगका प्रक्रियाहरू के हुने ती सबै कुराहरू लेख्नुपर्थ्यो, त्यो पनि लेखेको देखिन्न ।

» ***संसारमा यस्तै छन् त न्यायप्रणाली ?***

हामीले अवलम्बन गरेको न्यायप्रणाली कस्तो हो भने १० जना अअपराधी छुटून् तर एकजना निरपराधीले सजाय भोग्नु नपरोस् । प्राकृतिक सिद्धान्तअनुसार आफूलाई सूचना र जानकारी दिएर मात्रै प्रतिवादको मौका दिनुपर्छ भन्ने छ । पक्राउ परेको मान्छेलाई कारणसहित २४ घन्टाभित्र जानकारी दिनुपर्छ भन्ने छ । आफ्नो कानुन व्यवसायीसँग पक्राउ पर्नेबित्तिकै सल्लाह लिन पाउनुपर्छ भन्नेछ । यी विषयहरू संविधानमा लेखिएका छन् । आज पनि पक्राउ परेका मान्छेहरू २४ घन्टा भने पनि २४ दिनसम्म पनि म्याद नथपेर थुनामा राखेका थुप्रै दृष्टान्तहरू छन् । त्यो त लागू भएको छैन । त्यस्तो गर्नेलाई कारबाही पनि भएको देखिँदैन । बलात्कारजस्ता घटनामा प्रहरीबाटै मिलापत्र गराइएका उदाहरण अहिले पनि छन् । संसारभरका न्यायप्रणाली हेर्नुहुन्छ भने जहाँ संसदीय पद्धति छ त्यहाँ स्वतन्त्र, सक्षम र पारदर्शी न्यायप्रणाली भनिन्छ । सरकारका २ वटा अङ्ग, न्यायप्रणाली र सेना पराम्परागत किसिमले चल्दारहेछन् । न्यायप्रणालीका सम्बन्धमा पनि के देखिन्छ भने पुरानो प्रणालीलाई परिवर्तन गर्न सकिएको अवस्था छैन । ०४७ सालको संविधानमा जस्तो थियो अहिले पनि त्यस्तै छ । त्यतिखेर न्यायपरिषद् थियो अहिले पनि न्यायपरिषद् नै छ । त्यो बेला राजाले गर्ने भन्ने हुन्थ्यो अहिले राष्ट्रपतिले गर्छ । त्यति परिवर्तन भएको छ : राजा र राष्ट्रपति । तर अहिले पनि उस्तै छ । किनभने महाभियोगको व्यवस्था पहिले पनि थियो अहिले पनि उस्तै छ । भारतको न्यायप्रणाली पनि यस्तै हो । भारतमा देखिइहाल्यो ४ जना न्यायाधीशले सडकमा आएर पत्रकार सम्मेलन गर्नुपर्‍यो । त्यो त्यत्तिकै सेलायो । अमेरिकामा त न्यायाधीशको नियुक्ति चुनावबाट गरिन्छ । एउटा कुरा के हो भने संसदीय प्रणालीमा भएका न्यायालयले गरेको फैसला मान्नुपर्छ भन्ने सिद्धान्त रहेछ । मानेन भने अराजकतातिर ढल्किन्छ भनेर चाहे अन्याय गरेको भए पनि न्यायालयले गरेको फैसला मान्नुपर्छ । त्यसको करेक्सन हुनुपर्छ । कुनै कुरा जिल्लाले गलत गरेको छ भने अपिल गरिन्छ । त्यसपछि सर्वोच्च अदालत छ । अन्त्यमा त्यति गर्दागर्दै पनि इन्साफ पाएन भने 'हेडस्पेड' बाट भए पनि माफीमिनाहा पाउने सिद्धान्त र कानुन बनाएको देखिन्छ तर त्यसको व्यावहारिक कार्यान्वयन भएको दखिँदैन । त्यसकारण हाम्रो न्यायप्रणाली पनि कस्तो छ भने संसदीय पद्धतिभित्रको न्यायप्रणाली सिंगो राज्यव्यवस्था एउटा स्तरको भन्दाखेरि लोकतान्त्रिक जनताको भन्ने तर गर्दाखेरि निश्चित वर्ग, निश्चित समुदायको सिङ्गो राज्यसत्ता हुने, प्रतिनिधिमूलक संस्था नीतिनिर्माणमा पनि एउटा वर्ग र समुदायको प्रतिनिधित्व हुने, सरकारमा पनि त्यही वर्ग र समुदायको प्रतिनिधित्व हुने अनि न्यायप्रणालीको प्रधानन्यायाधीशको नियुक्ति पनि प्रतिनिधिमूलक संस्थाका प्रमुख, न्यायप्रणालीका संस्थाका प्रमुख र सरकारका प्रमुख बसेर प्रधानन्यायाधीशको नियुक्ति गर्ने भनेपछि त्यही नै भइहाल्यो । अन्य न्यायाधीशलाई पनि नियुक्त गर्ने पराम्परा छ । सेवाको अवधि पनि जुन खालको परम्परा छ त्यसले गर्दाखेरि के देखिन्छ भने न्यायप्रणाली जनताले भनेको जस्तो अहिले देखिँदैन । संसारमा २ किसिमका न्यायप्रणाली छन् : पार्लियामेन्ट सिस्टमभित्रका न्यायप्रणालीहरू नेपाल, अमेरिका, भारतलगायत मुलुकमा तर केही देश जनगणतन्त्र कोरिया, चीन, रुस, क्युबालगायत देशहरूमा केही फरक खालका न्यायप्रणाली छन् । युरोपका केही मुलुकहरूमा पनि त्यस्तो छ । फ्रान्समा, जर्मनमा, इङ्ल्यान्डमा पनि फरक खालका न्यायप्रणाली देखिन्छ । तर सारमा भन्दा जहाँ पनि ढिला गरेर इन्साफ दिने परम्परा जहाँ पनि देखिन्छ ।

» ***यसको विकल्प के हो ? राम्रो न्याय पाउन के गर्नुपर्छ ?***

न्यायप्रणाली आफैँमा छुट्टै पद्धति हुन सक्दैन । न्यायप्रणाली पनि सिङ्गो राज्यसत्ताभित्रको एउटा सशक्त अङ्ग हो । राज्यसत्ताका २ वटा प्रतिनिधिमूलक संस्थामा जनताले चुनेर पठाएका हुन्छन् । जनप्रतिनिधिमूलक संस्था संसद् वा जनप्रतिनिधिसभा जे भनौं जनताले चुनावबाट नियुक्त गरेर पठाएको प्रतिनिधिमूलक संस्था खत्तम हुने, तर त्यहाँ डनले जित्ने, दलालहरूको वर्चस्व हुने, त्यहाँ घुसखोरहरूको बाहुल्य हुने, एनजीओ र आईएनजीओको वर्चस्व हुने, त्यहाँ कसैका निर्देशित माान्छेहरू हुने त्यस्ता किसिमका मान्छेहरूको वर्चस्व निर्माण गर्ने, प्रभाव भएकाहरूको संस्थालाई जनप्रतिनिधिमूलक संस्था भनिन्छ भने जनताको सार्वभौमसत्ताको अभ्यास हुने थलो त्यही हो । त्यस्तो संस्था भएको मुलुकमा बनेको सरकार राम्रो हुन्छ, राम्रो प्रधानमन्त्री आयो भने र त्यस्तो प्रधानमन्त्री, त्यस्तो प्रतिनिधिमूलक संस्थाका प्रमुख अनि अर्को न्यायप्रणालीको प्रमुखसमेत बसेर बनाएको नियुक्त गरेका न्यायाधीशहरू राम्रा हुन्छन् भनेर भन्न सकिँदैन । केही राम्रा न्यायाधीशहरू अहिले पनि छन्, नभएका होइनन् छन् तर केही राम्रा प्रतिनिधिमूलक संस्थाका मान्छेहरू राम्रा पनि छन् । जनप्रतिनिधिमूलक संस्थामा अहिलेको संसद्मा नराम्रो मान्छे मात्र छैन, राम्रा मान्छे पनि छन् । अहिलेको सरकारमा राम्रो मान्छे पनि होला, अदालतमा पनि राम्रा मान्छे छन् । इमानदार न्यायाधीशहरू, इमानदार कर्मचारीहरू, इमानदार वकिलहरू छन् । तर समस्या के छ भने बदमास, भ्रष्टाचारी र दलालहरूको बिगबिगी छ । तिनीहरूलाई राज्यले प्रोटेक्सन गर्‍यो । पद्धतिले प्रोटेक्सन गर्‍यो । इमानदार, सक्षम र प्रतिभावान्लाई त्यसले अप्ठ्यारो बनाइदियो काम गर्न । अहिले अदालतभित्रका इमानदार न्यायाधीशलाई काम गर्न गाह्रो छ । उसलाई संरक्षण खोइ राम्रो काम गरेबापत ? इमानदार वकिलहरूलाई गाह्रो छ काम गर्न । जनप्रतिनिधिमूलक संस्था नीति बनाउने ठाउँ हो । त्यहाँ पनि केही त राम्रो छ नि तर उनीहरू निर्णायक भूमिकामा छैनन् । यसले गर्दाखेरि सिस्टम होल राज्यव्यवस्था नै जनताको प्रतिनिधिमूलक संस्था पहिलो सर्त हो । न्यायालय सुधारका उपाय भनेको उत्पीडित समाज, वर्गका पक्षमा, कसले नीति बनाउँछ त ? कसले इन्साफ गर्छ त ? त्यो कुरालाई हेर्दा त्यो सुनिश्चित हुने पद्धति के गर्ने हो भन्ने कुरा आउँछ । त्यसले गर्दा वास्तवमा सिस्टमको दोष देख्छु । वास्तवमा यो संसदीय पद्धतिभित्रको हालीमुहाली र बदमासी भएकाले प्रतिनिधिमूलक संस्थामा त्यो समस्या छ ।

अर्को कुरा सरकार समस्यामा छ भने छुट्टै न्यायालय राम्रो हो भनेर परिकल्पना गर्न सकेको छैन । अहिले पनि अदालतमा राम्रा मान्छेहरू छन् । तर काम गर्न गाह्रो छ । व्यक्ति राम्रो भए हुन्छ भनिन्छ । त्यसमा मेरो सहमति छैन । किनकि यो व्यवस्थाको समस्या हो । व्यक्ति राम्रो चाहिन्छ तर व्यक्तिलाई काम गर्न समस्या पर्छ । त्यो भनेको जनताले चुनेर पठाएको आम जनताको प्रतिनिधि स्वच्छ ढंगले सुनिश्चित प्रतिनिधित्व भएको राज्य व्यवस्था भयो भने जनताको जुन गणतान्त्रिक व्यवस्था भनेका छौं त्यो जनताको प्रतिनिधित्व भएको पहिलो सर्त हो । जनताको प्रतिनिधित्वले बनाएको सरकारको सर्त हो । त्यसभित्रको पद्धतिले बनाएको न्यायप्रणाली हो । जनताप्रति उत्तरदायी हुने न्यायप्रणाली त्यसको अन्तिम विकल्प हो । त्यो भयो भने त्यहाँ भ्रष्टाचार गर्नेहरू, बदमासी गर्नेहरू, प्रतिनिधिमूलक बदमासी दलालहरू अल्पमतमा पर्छन् । त्यहाँ वर्चस्व इमानदार, राम्राको भएपछि बल्ल पद्धति चल्छ । अहिले भ्रष्टाचारी, दलालहरूको वर्चस्व छ । समस्या यहाँनिर हो ।

» ***अरू केही ?***

झलककुमार चौधरीको पुस १७ गते दर्ता गरेको बन्दी प्रत्यक्षीकरणको मुद्दा आज चैत ४ गते सुनुवाइ भएर सर्वोच्च अदालतले खारेज गर्‍यो । जनमुक्ति सेनाको मान्छे, शाहीसेनाबाट सम्भावना नदेखेर विद्रोह गरेको मान्छेले आज इन्साफ पाएनन् । बरु भइदियो के भने जसको आदेशमा विद्रोह गरेका थिए उनी उपराष्ट्रपति छन् । तिनलाई हौस्याउने, जनयुद्धमा आउन आह्वान गरेको एउटा नेता छ प्रचण्ड । तिनलाई जसले हतियार बुझाएको थियो ती अहिले सेनाको कर्णेल, जर्नेल बनेर बसेका छन् । आज त्यो एउटा थारूको छोरो उत्पीडित वर्गको मान्छेले जेल र थुनामा बस्नुपरेको छ । यसले फैसला त गर्ला तर यो इन्साफ होइन । जनताले झलककुमार भगतले इन्साफप्रति चित्त बुझाएको देखिन्न ।

वर्ष ३, अङ्क ४०, पूर्णाङ्क १३५
रातो खबर साप्ताहिक

# सुर्खेती क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास



कृष्ण धमला 'गम्भीर'

*पार्टीले अब विद्रोहको नेतृत्व लिनुपर्ने कुरामा पार्टीभित्र सङ्घर्ष चली नै रहेको अवस्थामा जनविद्रोहको पूर्वाभ्यासका रुपमा यो सडक सङ्घर्षलाई अगाडि बढाइएको थियो । प्रचण्डले आ□खामा छारो हाल्न नौटङ्कीस्वरूप यो सडक सङ्घर्षको मञ्चन गरेका थिए । यथार्थमा केन्द्रीय सत्ता कब्जा गर्ने कि नगर्ने भन्ने विषयमा पार्टीभित्र दुई लाइन सङ्घर्ष तीव्र बनिरहेकै अवस्थामा २०६५ साल मङ्सिरमा राष्ट्रिय भेलाको आयोजना भयो । त्यो भेला दुई लाइन सङ्घर्षको उत्कर्षमा पुग्यो र भेलामा प्रचण्ड र किरणबाट छु ाछु ै दुईवटा दस्ताबेजहरु प्रस्तुत भए । प्रचण्ड लोकतान्त्रिक गणतन्त्र अर्थात् संसदीय व्यवस्थाभन्दा बाहिर नजाने उनको लाइन थियो तर किरणको लाइन विद्रोहमार्फत जनवादी क्रान्ति पूरा गर्नुपर्ने तर्कले बहसले तीव्र रुप लियो । अन्ततः प्रचण्ड पछाडि हटे, सम्झौता गर्न पुगे र सम्झौताको दस्ताबेज निर्माण भयो ।*

गताङ्कबाट क्रमशः ........

सुर्खेत जिल्लामा पनि रामघाटस्थित चित्रजीकै घर नजिकैको बारीमा साताव्यापी तालिम केन्द्रीय लडाकु टिम बर्दियाका चौधरी साथीले गराउनुभयो । क्याम्पिङ बाहिरै बारीमै गरेका थियौं । कुनै बाधाव्यवधानबिना उक्त कार्यक्रम सम्पन्न भएको थियो । पार्टीभित्र दुई लाइन सङ्घर्ष तीव्र भैरहेको थियो । अब पार्टी विभाजनतर्फ उन्मुख भैरहेको थियो ।

सुर्खेत जिल्लामा दुई लाइन सङ्घर्षको प्रभाव थिएन । २०५१ को तेस्रो विस्तारित बैठकपछि सेक्रेटरी क. धर्मेन्द्र बास्तोला अन्तर्राष्ट्रिय विभागको जिम्मेवारीमा जाने निर्णय भएपछि पुनः कृष्ण धमला सेक्रेटरीमा रहने गरी पार्टी पुनर्गठन भयो । जनयुद्धमा जाने कि नजाने दुई लाइन सङ्घर्षले उत्कर्ष रूप लिएपछि निर्मल लामाहरू पार्टीबाट अलग भए । २०५१ मा चितवनमा राष्ट्रिय सम्मेलन सम्पन्न भएपछि सुर्खेत जिल्लामा पूर्णा सुवेदी सेक्रेटरी भएर पार्टी पुनर्गठन भयो । यसै साल जिल्लाको बैठक र प्रशिक्षण हात्तीखालमा भयो । उक्त बैठक र प्रशिक्षण कार्यक्रममा केन्द्रको तर्फबाट क. दण्डपाणि शर्माको प्रमुख उपस्थिति थियो । सं.ज.मो. पनि पुनर्गठन भयो । अध्यक्ष विष्णु खनाल भए । २०५२ साल फागुन १ गते महान् जनयुद्धको शङ्खघोष भयो । तत्कालीन सरकारले भीषण किलो सेरा टु अप्रेसनले भीषण दमन गर्‍यो र लगत्तै जिल्लामा पार्टीको पुनर्गठन भएर २०५२ सालमा क. विष्णु पोखेल सेक्रेटरी हुनुभयो । सं.ज.मो. पनि पुनर्गठित भएर क.पूर्णा सुवेदीलाई अध्यक्ष बनाउने निर्णय गर्‍यो । २०५४ सालको माघ महिनामा सुर्खेत-दैलेख-जाजरकोट जिल्लालाई मिलाएर एउटै जिल्ला बनाएपछि संयुक्त जिल्लाको सेक्रेटरी भक्तबहादुर शाह (उद्धव) भए भने इन्चार्जमा शक्तिबहादुर बस्नेत (सुरेश सिंह) भए । २०५४ साल चैत २७ गते लेखफार्साको लेकमा गणेश न्यौपाने र डिला थापाको हत्या भयो । सुर्खेत जिल्लाको प्रथम सहिद क. गणेश न्यौपाने हुनुभयो ।

२०५५ सालको भदौमा पुनर्गठन भएर सुर्खेत-दैलेखको संयुक्त जिल्ला बनेपछि इन्चार्ज शक्ति बस्नेत र सेक्रेटरी मायाप्रसाद शर्मा (आयाम) भए भने अन्य सदस्यहरूमा कृष्ण धमला, प्रकाश सुवेदी, ऋषिराज गौतम, पूर्णा सुवेदी, चित्र वली, डम्बर रावत, उदय चलाउने, सत्य पहाडी, गुमानसिं राना, सत्यदेव शर्मा, पूर्णप्रसाद शर्मा र सोही मङ्सिर महिनामा झकबहादुर मल्ल, वीरबहादुर खड्का र नरबहादुर बिष्टलगायत थप भए । २०५५ सालमा ने.क.पा. (मसाल) का सचिव ऋषि गौतमको नेतृत्वमा विद्रोह गरेर ने.क.पा.(माओवादी) मा समाहित हुन आइपुगे ।

दोस्रो राष्ट्रिय सम्मेलनपछिको जिल्लाको सङ्गठनात्मक स्थिति

पार्टीको ऐतिहासिक दोस्रो राष्ट्रिय सम्मेलनपछि पश्चिम क्षेत्रीय ब्युरोअन्तर्गत भेक क्षेत्रीय उपब्युरोको निर्णयअनुसार २०५७ चैतमा सुर्खेत र दैलेख जिल्लालाई अलगअलग जिल्ला समिति बनाउने निर्णयअनुसार जिल्लामा इन्चार्ज क.सरला रेग्मी (अनु) र सेक्रेटरीमा ऋषि गौतम (राहुल) भएको ११ सदस्यीय जिल्ला समिति बन्यो । यो समितिले जिल्लामा पार्टीको विकास र सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो र पुनः २०५९ कात्तिकमा पार्टी पुनर्गठन भएर ऋषि गौतम (राहुल) इन्चार्ज र सेक्रेटरी रामदीप आचार्यको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति निर्माण भयो । २०६० सालको असारमा इन्चार्ज ऋषि गौतम (राहुल) र सेक्रेटरी झकबहादुर मल्ल (सुदीप) को नेतृत्वमा ३५ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो र सेक्रेटरी झकबहादुर मल्ल (सुदीप) जनमुक्ति सेनामा स्थानान्तरण भएर गएपछि सोही सालको माघमा इन्चार्ज ऋषि गौतम (राहुल) र सेक्रेटरीमा विन्दमान बिष्ट (रविकिरण) को नेतृत्वमा ५१ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो । २०६२ सालमा चुनबाङमा पार्टीको विस्तारित बैठक भयो र पार्टीको सुदृढीकरण अभियान भन्दै विवादास्पद कार्यनीति लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक लाइन पास गरियो । त्यसपछि २०६२ मङ्सिरमा इन्चार्ज नारायण दाहाल (सरल) र सेक्रेटरी ऋषि गौतम (राहुल) को नेतृत्वमा १९ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो । चुनबाङको लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिअनुसार संसद्वादी दलहरूसँग संयुक्त मोर्चा गर्ने नीति पार्टीले लियो भने संसद्वादी दलहरूको आन्दोलनले गति लिइरहेको थिएन आआफ्नो ठाउँबाट ज्ञानेन्द्रको निरङ्कुशताका विरुद्ध सङ्घर्ष गर्ने समझदारीअनुसार पछि मात्र २०६२/६३ को जनआन्दोलनले उत्कर्षको रूप लिँदै गयो र संसद्वादी दलहरूसँग भारतमा विवादास्पद १२ बुँदे समझदारी भएपछि जनयुद्धको जगमा १९ दिने आन्दोलनले २४० बर्से राजतन्त्र गल्र्यामगुर्लुम ढल्यो ।

२०६२/६३ को जनआन्दोलनपछि २०६३ मङ्सिरमा इन्चार्ज कृष्ण धमला (गम्भीर) र सेक्रेटरी भीमबहादुर मल्ल (सुवास) को नेतृत्वमा ६१ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो । २०६३ साल साउनको महिनामा बालाजुमा पाँचौं विस्तारित बैठक भयो र दुई लाइन सङ्घर्षको बिउ यहाँबाटै सुरु भएको थियो । प्रचण्डका विरुद्ध पहिलोपटक कार्यशैलीका बारेमा क. विप्लवले आवाज उठाउनुभयो र प्रचण्डले यो विस्तारित बैठकमा प्रस्तुत गरिएको दस्ताबेज सुरक्षाको कारण भन्दै तल्ला समितिमा जान रोकेका थिए । २०६४ सालको भदौमा इन्चार्ज कृष्ण धमला (गम्भीर) र सीता नेपाली (रक्षा) को नेतृत्वमा ७५ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो । २०६४ सालको पुसमा संविधानसभा निर्वाचनको प्रयोजनका लागि संयोजक ऋषि गौतम (राहुल) र सेक्रेटरीमा कृष्ण जी.सी.(जितेन्द्र) को नेतृत्वमा १७५ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो र सुर्खेतमा संविधानसभाको चुनावका पक्षमा व्यापक लहर सिर्जना भयो तर केन्द्रबाट वितरण गरिएको टिकटमा केही पात्र र प्रवृत्तिहरूले षड्यन्त्र गरे । त्यसको असर जनताको तहसम्म पर्‍यो र अपेक्षित सफलता हासिल हुन सकेन । यसै संविधानसभाको चुनावको पूर्वसन्ध्यामा ने.क.पा.(एमाले ) बाट देवेन्द्र बीसी, चक्रपाणि शर्मा, माधव ढकाललगायतको नेतृत्वमा विद्रोह गरेर ने.क.पा.(माओवादी) मा समाहित हुन आइपुगे । २०६५ सालमा ने.क.पा.(माओवादी) र तत्कालीन एकताकेन्द्र मसालसँग पार्टी एकता भएपछि इन्चार्ज/सेक्रेटरी कृष्ण धमला (गम्भीर) को नेतृत्वमा पार्टी पुनर्गठन भयो । त्यतिबेला एउटा रोचक घटना घट्यो नेतृत्वले इन्चार्जमा कृष्ण धमलालाई प्रस्ताव गर्‍यो भने सेक्रेटरीमा ७/८ जनालाई पालैपालो प्रस्ताव गरियो तर सेक्रेटरी कोही पनि हुन मानेन र अन्त्यमा इन्चार्ज/सेक्रेटरी दुवै पदमा कृष्ण धमलालाई नियुक्त गरिएको थियो । यो सुर्खेत जिल्लाको इतिहासमा एउटा नयाँ आयाम थियो ।

२०६६ साल माघ २६ गतेका दिन ऋषि गौतम (राहुल) को रहस्यमय ढङ्गले काँक्रेबिहार यातायात समितिको बसले किचेर उहाँको हत्या भयो । २०६६ सालको जेठ महिनामा इन्चार्ज कृष्ण धमला, सहइन्चार्ज कृष्ण जीसी, सीता नेपाली, बालाराम सुनार, सेक्रेटरी भीमबहादुर मल्ल र सहसेक्रेटरी जितबहादुर राना रहेको २११ सदस्यीय जिल्ला समिति पुनगठन भयो । राष्ट्रपति रामवरण यादवले नागरिक सर्वोच्चताका विरुद्ध असंवैधानिक कदम चालेपछि माधव नेपालको सरकारका विरुद्ध सडक आन्दोलनको सुरुआत भयो । यसको उत्कर्षमा २०६७ साल वैशाख १८ गतेदेखि २४ गतेसम्म ६ दिने आमहडतालमा सदरमुकाम वीरेन्द्रनगरमा १० औं हजार जनसमुदायको दैनिक प्रदर्शनको नेतृत्व गर्‍यो ।

पार्टीले अब विद्रोहको नेतृत्व लिनुपर्ने कुरामा पार्टीभित्र सङ्घर्ष चली नै रहेको अवस्थामा जनविद्रोहको पूर्वाभ्यासका रूपमा यो सडक सङ्घर्षलाई अगाडि बढाइएको थियो । प्रचण्डले आँखामा छारो हाल्न नौटङ्कीस्वरूप यो सडक सङ्घर्षको मञ्चन गरेका थिए । यथार्थमा केन्द्रीय सत्ता कब्जा गर्ने कि नगर्ने भन्ने विषयमा पार्टीभित्र दुई लाइन सङ्घर्ष तीव्र बनिरहेकै अवस्थामा २०६५ साल मङ्सिरमा राष्ट्रिय भेलाको आयोजना भयो । त्यो भेला दुई लाइन सङ्घर्षको उत्कर्षमा पुग्यो र भेलामा प्रचण्ड र किरणबाट छुट्टाछुट्टै दुईवटा दस्ताबेजहरू प्रस्तुत भए । प्रचण्ड लोकतान्त्रिक गणतन्त्र अर्थात् संसदीय व्यवस्थाभन्दा बाहिर नजाने उनको लाइन थियो तर किरणको लाइन विद्रोहमार्फत जनवादी क्रान्ति पूरा गर्नुपर्ने तर्कले बहसले तीव्र रूप लियो । अन्ततः प्रचण्ड पछाडि हटे, सम्झौता गर्न पुगे र सम्झौताको दस्ताबेज निर्माण भयो ।

नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिन अब पुरानो कार्यनीति पूरा भैसकेको सन्दर्भमा अब नयाँ कार्यनीतिको विकास गर्नुपर्छ भन्ने कुरामा पार्टी दुई लाइन सङ्घर्षले तीव्र रूप लियो । २०६७ साल मङ्सिर महिनामा गोरखाको पालुङटारमा छैटौं विस्तारित बैठकको आयोजना भयो । पालुङ्टारमा ३ वटा दस्ताबेज प्रस्तुत भए : प्रचण्ड, किरण र बाबुराम भट्टराईबाट । एक सातासम्म बहस भयो । कुनै पनि दस्ताबेज पारित हुन सकेन । हेडक्वार्टरबाट प्रस्तुत भएको दस्ताबेज पारित नभएको सायद विश्वकै कम्युनिस्ट आन्दोलनमा यो नै पहिलो घटना थियो । त्यतिबेलासम्म जनमुक्ति सेना नेपाल विघटन भैसकेको थिएन । क्रान्तिकारीहरूको मुख्य दायित्व ज.मु.से.लाई कसरी बचाउने भन्ने एउटै उद्देश्य रह्यो । त्यसअनुसार किरणले पेस गरेको लाइन जनयुद्धको जगमा जनविद्रोहको लाइनलाई अगाडि सारिएको थियो । पालुङटारको विस्तारित बैठकपछि जिल्लामा सिङ्गो पार्टी विभक्त हुन पुग्यो । एउटा प्रचण्डको दक्षिणपन्थी लाइन र अर्को किरणको लाइन । किरणको लाइनमा तत्कालीन पीबीएम क. धर्मेन्द्र बास्तोला, जिल्ला इन्चार्ज कृष्ण धमला, मङ्गल वि.क.लगायतको ठूलो टिम क्रान्तिकारी लाइनमा उभियो भने प्रचण्डको दक्षिणपन्थी लाइनमा कृष्ण जी.सी., भीमबहादुर मल्ल, सीता नेपालीलगायतको टिम खडा भयो । विस्तारित बैठकको म्यान्डेटअनुसार केन्द्रीय समितिको बैठकले जनयुद्धको जगमा जनविद्रोहको लाइन पास गर्‍यो ।

तर छिट्टै प्रचण्ड-बाबुरामको लाइन संविधानसभामार्फत संविधान निर्माणको लाइनमा उभिए र जनयुद्धको जगमा जनविद्रोहको लाइन यथार्थमा उनको नौटङ्की मात्र थियो भन्ने कुरा छर्लङ्गै हुन धेरै समय लागेन । अब पार्टीभित्र दुई लाइनले चर्को रूप लिँदै गयो र प्रचण्डलाई रूपान्तरण गर्ने सम्भावना क्षीण हुँदै गएपछि पार्टीमा अब नयाँ ढङ्गले सोच्नुपर्छ भन्ने कुरामा बहस तीव्र बनेर गयो र पार्टीभित्र पार्टीको समानान्तर समितिको अवधारणा अगाडि बढाइयो । २०६८ साल फागुन महिनामा पार्टीको सुर्खेत जिल्लास्तरीय भेला मैनतडा गा.वि.स.मा प्रमुख अतिथि क. विप्लव र अन्य कमरेडहरू हरिभक्त कँडेल, पारसमणि र रणवीरको उपस्थितिमा भेला सम्पन्न भयो । उक्त भेलाले इन्चार्जमा क. गम्भीर, सहइन्चार्जमा क. हिमाल र सेक्रेटरीमा ठम्मर बिष्ट (सङ्गीन) रहेको क्रान्तिकारी विचार समूहको समानान्तर जिल्ला समिति घोषणा भयो । तत्कालीन बाबुराम भट्टराईको सरकारले मधेसवादी दलहरूसँग ४ बुँदे राष्ट्रघाती सम्झौता, जनमुक्ति सेनाको विघटन, बिप्पा सम्झौता, सुपुर्दगी सन्धि, सुकुमबासीबस्तीमा डोजर लगाउने र ऐतिहासिक पहिलो संविधानसभालाई विघटन गर्ने वर्गीय आत्मसमर्पणवादी कदमका कारण र प्रचण्डको राष्ट्रिय आत्मसमर्पणवादी विचलनले गर्दा २०६९ साल असार २-४ सम्म काठमाडौंको बौद्धमा राष्ट्रिय भेलाबाट पार्टी विभाजन भएर ने.क.पा.-माओवादीको पुनर्गठन भयो ।

ने.क.पा.-माओवादीको पुनर्गठनपछि २०६९ साल साउनमा जिल्ला पुनर्गठन भएर इन्चार्जमा क.मङ्गल वि.क. सहइन्चार्ज बालाराम सुनार, सेक्रेटरीमा ठम्मर बिष्ट, सहसेक्रेटरीमा प्रशान्त आरसी र खडक बाँस्पाने रहेको २३१ सदस्यीय रहेको जिल्ला सङ्गठन समिति निर्माण भयो भने २०६९ असोजमा क. धनबहादुर वि.क.सहइन्चार्जमा थप भए । जिल्ला सङ्गठन समितिले २००० भन्दा बढी पार्टी सदस्यता नवीकरण गरेर ज.व.स./मोर्चाका जिल्ला भेला र सम्मेलनमार्फत सङ्गठन निर्माणका कामहरू तीव्र रूपमा भएर गए । सातौं राष्ट्रिय महाधिवेशनका लागि २०६९ साल कात्तिक ८ र ९ गते जिल्ला अधिवेशन सम्पन्न भयो । २०६९ साल मङ्सिर १० र ११ गते सुर्खेतमै राज्य अधिवेशन सम्पन्न भयो भने प्रमुख अतिथिमा देव गुरुङको उपस्थिति रहेको थियो । राज्य अधिवेशनले प्रतिनिधि र पर्यवेक्षकको चयन गर्‍यो । महाधिवेशन प्रतिनिधि १० र पर्यवेक्षक २१ जनाको छनोट पनि भयो र २०६९ माघमा इन्चार्ज मङ्गल वि.क.लाई केन्द्रीय जवसमा पठाउने निर्णयअनुसार उहाँको ठाउँमा क. बालाराम सुनारलाई इन्चार्जको जिम्मा दिने निर्णय भयो ।

ठम्मर बिष्ट (सङ्गीन) मा विचलन आएर माकेमा प्रवेश गरेपछि २०६९ साल चैत १३ गते प्रशान्त आर.सी.लाई सेक्रेटरीमा चयन गर्‍यो भने २०७० साल वैशाखमा जे.बी.सुनारलाई सहइन्चार्जमा थप गर्ने निर्णय गर्‍यो । संसद्वादी दलहरूले प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा विशेषतः प्रचण्डको योजनामा दोस्रो संविधानसभाको घोषणा गरियो र संसद्वादीहरूले भन्ने गरेको शक्ति पृथकीकरणको सिद्धान्तको कुरालाई राम्रैसँग धज्जी उडाए । हामीले दोस्रो संविधानसभाको चुनाव नेपाली जनतालाई अधिकारविहीन बनाउने देशीविदेशी र साम्राज्यवादी षड्यन्त्रका विरुद्ध बहिष्कार गर्ने नीतिलाई अगाडि सार्‍यो र १० दिने यातायात हडतालको घोषणा पनि भयो । २०७० साल साउन महिनामा इन्चार्ज चक्रपाणि शर्मा, सहइन्चार्ज धनबहादुर वि.क.,जे.बी.सुनार, खगेन्द्र राना, दानसिं सुनार र सेक्रेटरीमा प्रशान्त आर.सी.,सह सेक्रेटरी ईश्वरभक्त सुनार, माधव ढकाल र खड्क वि.क. रहेको २३१ सदस्यीय जिल्ला समिति पुनर्गठन भयो । निर्दलीय सरकारका विरुद्ध कथित दोस्रो संविधानसभाको भण्डाफोर र सडक सङ्घर्षका कार्यक्रमहरू केन्द्रित भयो । बहिष्कार आन्दोलन सशक्त बन्दै जाँदा त्यसबाट आतङ्कित भएर सहइन्चार्ज दानसिं सुनार र सहसेक्रेटरी खड्क वि.क. पार्टीबाट पलायन भएर गए ।

क्रमशः

# नेपाल कम्युनिस्ट पार्टीले समाज भवन निर्माण गर्दै

**रोहित ढकाल/जनकपुर**

नेपाल कम्युनिस्ट पार्टीले सिन्धुलीको हरिहरपुरगढीमा समाज भवन निर्माण आरम्भ गरेको छ । पार्टीको जनकपुर ब्युरोले आइतबार आयोजना गरेको 'समाज भवन निर्माण' शिलान्यास कार्यक्रममा उक्त जानकारी दिइएको हो । भवन निर्माण स्थलसमेत रहेको सिन्धुली जिल्लाको हरिहरपुर गढी गाउँपालिका ७ स्थित सिरुदमारमा कार्यक्रम सम्पन्न भएको हो ।

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य निर्मल राईको अध्यक्षता तथा केन्द्रीय सदस्य सन्देश पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य देवनारायण शाह, ब्युरो सदस्य मिसन खत्री, कोसी ब्युरो सदस्य राकेश राई, सिन्धुली जिल्ला इन्चार्ज लक्ष्मण पौडेल, जग्गा दाता खड्गबहादुर आले र खड्गकुमारी आलेले सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा सयौं स्थानीय बासिन्दाको उपस्थिति थियो । उपस्थित सबैले भवन निर्माणमा श्रमदान गरेका थिए ।

भवन शिलान्यास गर्दै पौडेलले पार्टीको केन्द्रीय नीतिअन्तर्गत सिरुदमारमा समाज भवन निर्माण गर्न लागिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'राज्यद्वारा पछाडि पारिएको उक्त स्थानमा यो नमुना कार्य हो । यसले राज्यद्वारा विभेद गरिएका वर्ग र समाजमा एउटा प्रेरणादायी सञ्चार गर्नेछ ।' प्रगतिशील विचार र संस्कृतिको प्रचारप्रसार तथा स्थानीय जनताका छोराछोरीका लागि पढ्ने, लेख्ने, खेल्ने र मनोरञ्जन गर्ने थलोका रूपमा यसलाई विकास गर्ने र उक्त निर्माणकार्य ३ महिनाभित्र सम्पन्न गरिसक्ने ब्युरो पार्टी कार्यालयको योजना रहेको उहाँले स्पष्ट पार्नुभयो । देशैभर यस्तैखाले समाज भवन निर्माण गर्ने पार्टी केन्द्रको नीति रहेको जानकारी उहाँले दिनुभयो ।

समाज भवन निर्माणका लागि स्थानीय खड्गबहादुर आले र खड्गकुमारी आलेले ५ कट्ठा ११ धुर नम्बरी जग्गा उपलब्ध गराउनुभएको हो । भवन निर्माणका लागि जग्गा हस्तान्तरण गर्दै उहाँहरूले सामाजिक विभेद, अन्यायअत्याचारका विरुद्ध सबै श्रमजीवी तथा उत्पीडित एक भएर लाग्नुपर्ने बताउनुभयो ।

▶▶ गताङ्कबाट क्रमशः ......

# नयाँ आर्थिक नीति

## राजनीतिक शिक्षा विभागका कामहरू १७ अक्टुबर, अखिल रसियाली कङ्ग्रेसमा पेस गरिएको राजनीतिक शिक्षा विभागको रिपोर्ट १९२१

*सन् १९२१ मा लेनिनको नेतृत्वमा तत्कालिक सोभियत संघमा नयाँ आर्थिक नीति (The new economic police-NEP) लागु भएको थियो । उक्त नयाँ आर्थिक नीतिका बारेमा कमरेड लेनिनले १९२१ अक्टोवर २७ का दिन अखिल रसिया राजनीतिक शिक्षा विभागहरुको दोस्रो महाधिवेशनमा लामो प्रवचन दिनुभएको थियो । यसै नयाँ आर्थिक नीतिलाई सोभियत संघको समाजवादी अर्थनीतिका रुपमा बुझिने गरिएको छ । नेपालमा अहिले समाजवादी राज्य प्रणालीको बहस भइरहेको छ । यसै सन्दर्भमा समाजवादी अर्थ व्यवस्थाभित्र आर्थिक नीति कस्तो हुन्छ भन्ने बारेमा जानकारी राख्नका लागि उपयुक्त ठहरिएकाले डा.भगवानचन्द्र ज्ञवालीद्वारा नेपालीमा भाषान्तरण गरिएको उक्त भाषणलाई नियमित रुपमा प्रकाशन गर्ने भएका छौ ।* – **सम्पादक**



ग्रामीण जिल्लाहरूमा अतिरिक्त खाद्य छुट्याएर राख्ने कम, यस ग्रामीण विकासको प्रत्यक्ष साम्यवादी पद्धतिले उत्पादक शक्तिका वृद्धिलाई अवरोध गर्‍यो र सन् १९२१ का वसन्तसम्ममा हामीले अनुभव गरेको गम्भीर आर्थिक तथा राजनीतिक सङ्कटको मुख्य कारणका रूपमा प्रमाणित भयो । त्यसैकारण हामीले कदम चाल्नुपर्‍यो जसबाट हाम्रो विचार, हाम्रो नीतिका दृष्टिले, त्यसलाई ज्यादै गम्भीर हार र पश्चगमनभन्दा अरू केही भन्न सकिँदैन । अझ यस पश्चगमनलाई लालसेनाको पश्चगमनजस्तै पहिलेदेखि नै तयार गरिएको अवस्थाको एउटा पूर्ण व्यवस्थित पश्चगमन भन्न सकिँदैन । सही हो हाम्रो वर्तमान पश्चगमनका लागि त्यो अवस्था समयपूर्व नै तयार गरिएको थियो । हाम्रा पार्टीले सन् १९२१ का वसन्तमा ग्रहण गरेका निर्णयलाई सन् १९१८ मा ग्रहण गरिएको निर्णयसँग तुलना गरे प्रमाणित गर्न सकिन्छ जसलाई मैले उल्लेख गरिसकेको छु । त्यो परिस्थिति पहिले नै तयार गरिएको थियो तर त्यो पश्चगमन यस्तो अव्यवस्थित परिस्थितिमा, अझ चरम अव्यवस्थामा घट्यो (र अझै पनि देशका धेरै भागमा घटित हुँदैछ) ।

### नयाँ आर्थिक नीतिको तात्पर्य

यहाँ राजनीतिक शिक्षा विभागको यससँगको लडाइँ सबैभन्दा अग्रस्थानमा आउँछ । नयाँ अर्थनीतिका प्रकाशमा मुख्य समस्या भनेको परिस्थितिबाट लाभ उठाउनु हो जुन परिस्थिति सम्भवतः ज्यादै तीव्र गतिमा तयार भएको छ । नयाँ आर्थिक नीतिको अर्थ खाद्य अधिकारले कर प्रतिस्थापन गर्न हो । त्यसको अर्थ कुन सीमासम्म भन्ने थाहा नभए पनि निश्चित सीमासम्म पुँजीवादलाई फर्काउनु हो विदेशी पुँजीपतिहरूलाई सुविधा (सही, विशेषतः हामीले स्वीकार गरेका सङ्ख्याका तुलनामा धेरै कम स्वीकार गरिएको छ) र उद्योगहरूलाई निश्चयतः निजी पुँजीपतिहरूलाई भाडामा दिनुको अर्थ पुँजीवादमा फर्कनु हो यो नयाँ अर्थनीतिको अनिवार्य भाग हो । अतिरिक्त खाद्य एकत्रित गर्ने प्रक्रियाको उन्मूलनको अर्थ किसानहरूलाई आफ्ना कृषि उत्पादनको, कर सङ्कलन गरिसकेपछि जेजति बाँकी रहन्छ त्यसको स्वतन्त्र ढङ्गले व्यापार गर्न छूट दिनु हो र करले त्यस उत्पादनको निकै न्यून अंश मात्र लिन्छ । किसानहरू हाम्रो जनसङ्ख्याको अत्यधिक भाग र हाम्रो समग्र अर्थतन्त्रको ठूला भाग ओगट्छन् र त्यसै कारणले पुँजीवाद मुक्त व्यापारको यस जगबाट उखेलिनुपर्छ । त्यही नै अर्थशास्त्रको कखरा हो जो त्यस विज्ञानका प्रारम्भिक नियमले सिकाएको र त्यसअगाडि रसियामा नाफाखोरले, त्यस्तो प्राणी जसलाई हामीलाई अर्थशास्त्रबारे सिकाउन आर्थिक वा राजनीतिक विज्ञानको आवश्यकता नै छैन । रणनीतिक दृष्टिकोणले मूल प्रश्न हो : नयाँ परिस्थितिको फाइदा पहिले कसले लिने ? समग्र प्रश्न हो : किसान वर्गले कसको अनुसरण गर्ला ? सर्वहारा वर्ग, जसले समाजवादी समाज निर्माण गर्न चाहन्छ ? वा पुँजीपति जसले भन्छ : पछि फर्कौं, त्यो बाटो सुरक्षित छ । उनीहरूले आविष्कार गरेको समाजवादबारे हामी केही पनि जान्दैनौँ । सोभियत शक्तिले कि पुँजीवादी कसले जित्ला ? वर्तमान युद्धको विषय हो- कसले जित्ला ? परिस्थितिबाट कसले फाइदा लेला ? पुँजीपतिले जसलाई हामी ढोकाबाट भित्र आउन अनुमति दिन्छौँ र अनेक ढोकाबाट (र थुप्रै ढोकाबाट जसबारे हामी सचेत छैनौँ र जो हामीबिना नै हाम्रा सट्टा खुला छ) वा सर्वहारा राज्यशक्तिले ? पछिल्लो जसमाथि आर्थिक रूपले भर पर्नसकिन्छ । एकातिर जनताको सुधारिएको अवस्था । यस सन्दर्भमा हामीले किसानहरूलाई स्मरण गर्नुपर्छ । यो एकदमै खण्डनयोग्य छैन र सबैलाई थाहै छ अनिकालको भयानक सङ्कटका बाबजुद र केही क्षणका लागि त्यस सङ्कटलाई गणना गर्न छोडौँ भने जनताका अवस्थामा भएको सुधार हाम्रो आर्थिक नीतिमा भएको परिवर्तनका कारण हो ।

अर्कातिर पुँजीवादले यसबाट फाइदा लिन्छ भने पनि औद्योगिक उत्पादन बढ्नेछ र सर्वहारा पनि बढ्नेछन् । पुँजीपतिले हाम्रो नीतिबाट लाभ लिनेछन् र औद्योगिक सर्वहारा निर्माण गर्नेछन्, हाम्रा देशमा जो निराशाजनक गरिबी र विनाशका कारण अनि युद्धका कारणले वर्गरहित भएको छ जसको अर्थ आफ्नो वर्ग खाडलबाट निर्बासित गरिएको र जो सर्वहारा वर्गका रूपमा अस्तित्वमा रहेको छैन भन्ने हो ।। सर्वहारा त्यो वर्ग हो जो ठूलो परिमाणका पुँजीवादी उद्योगहरूमा वस्तुको भौतिक मूल्य सिर्जना गर्नमा समर्पित छ । ठूलो परिमाणका पुँजीवादी उद्योगहरू नष्ट गरिएदेखि र कारखानाहरू शान्त भएदेखि सर्वहारा वर्ग लोप भएको छ । कहिलेकहीँ यो तथ्याङ्कशास्त्रमा मात्र अङ्कित भएको छ तर यो वर्ग अझै पनि आर्थिक रूपले समेटिएको छैन । पुँजीवादको पुनर्स्थापनको अर्थ सर्वहारा वर्गको पुनर्स्थापन होला जो सामाजिक रूपले उपयोगी भौतिक मूल्य उत्पादनमा मेसिनहरू प्रयोग भएको ठूला उद्योगहरूमा संलग्न छन् नाफाखोरीमा हैन न बिक्रीका लागि सिकरेट लाइटर बनाउनमा, न अरू केनै काममा जो बढी उपयोगी छैनन् तर जो जब हाम्रा उद्योगहरू विनाशका द्वारमा पुग्छन्, अपरिहार्य छ ।

### युद्ध कसले जित्ला पुँजीवादीले वा सोभियत शक्तिले ?

समग्र प्रश्न नेतृत्व कसले लेला भन्ने हो जो सिरानमा आइपुग्छ । त्यस समस्यालाई हामीले चारैतिरबाट सामना गर्नुपर्छ । के पुँजीवादीहरू पहिले सङ्गठित हुन सफल होलान् त्यस अवस्थामा तिनीहरूले कम्युनिस्टहरूलाई धपाउनेछन् र त्यो यसको अन्त्य हुनेछ । अथवा सर्वहारा वर्गीय राज्यशक्ति किसान वर्गको समर्थनमा ती पुँजीपति ठूलाबडामाथि उचित शासन स्थापित गर्न योग्य प्रमाणित हुनेछन् । यसर्थ राज्यसोपानभित्र पुँजीवादलाई निर्देशित गर्न र पुँजीवाद निर्माण गर्न जो राज्यप्रति आश्रित हुनेछ र जसले राज्यको सेवा गर्नेछ । प्रश्न गम्भीर रूपले राखिनुपर्छ । यो सबै विचारधारा, राजनीतिक स्वतन्त्रताका यी सबै तर्कहरू जसका बारेमा हामीले यति धेरै सुनिरहेका छौँ विशेषतः रसियाली जनतामाझ, २ नं. रसियामा जहाँ सबै राजनीतिक पार्टीहरूले निष्कासन गर्ने दैनिक समाचारपत्रले हरेक साँचामा र हरेक तरिकाले प्रशंसा गर्छन् । यी सबै कुरा मात्र हुन् खालि शब्दजाल मात्र हुन् । हामीले यस्तो शब्दजाल बुनाइको उपेक्षा गर्नुपर्छ ।

### लडाइँ अझ भयानक हुनेछ

गत चार वर्षमा हामीले धेरै निकै कठिन लडाइँहरू लडेका छौँ र हामीले के सिकेका छौँ भने कठोर लडाइँ लड्नु एउटा कुरा हो र तिनका बारेमा कुरा गर्नु अर्को कुरा । केही दर्शकहरू खास गरेर मजा लिन्छन् । हामीले यस विचारलाई यस किचकिचलाई उपेक्षा गर्न सिक्नुपर्छ र कुराको सारलाई हेर्नुपर्छ । अनि सार के हो भने लडाइँ हामीले कोलचार र डेनिकिनका विरुद्ध सञ्चालन गरेको भन्दा अझ बढी निराशाजनक र भयानक हुनेछ । त्यो लडाइँ अलिकति भए पनि हामी परिचित भएको युद्ध थियो । त्यस्ता युद्धहरू सयौँ वा हजारौँ वर्षका भएका छन् । मानव हिंसाको त्यस कलामा धेरै प्रगति भएको छ ।

हो, झन्डै हरेक भूमिपतिले आफ्ना मुख्य कार्यालयमा समाजवादी क्रान्तिकारी र मेन्सेभिकलाई पाल्छ जो जनताका सरकारका बारेमा, संविधानसभाका बारेमा र सबै स्वतन्त्रता खोसिएका बोल्सेभिकहरूका बारेमा खुलै कुरा गर्छन् ।

अहिले हाम्रा सामुन्ने रहेका समस्याहरूभन्दा वास्तवमा युद्धका समस्या समाधान गर्न सजिलो थियो । युद्धका समस्याहरू हमला, आक्रमण र साहसवादबाट समाधान गर्न, किसान र श्रमिकहरूको समूहगत शारीरिक शक्ति मात्रबाट समाधान गर्न सकिन्छ जसले भूमिपतिका औजारहरू तिनकै विरुद्ध तेर्स्याउँछन् । अहिले स्वीकृत भूमिपतिहरू छैनन् । केही रेङ्गहरू, कोलचाकहरू र डेनिकिनहरू निकोलास रोमाबोभ (जार) को बाटो लागेका छन्, केहीले विदेशमा शरण मागेका छन् । जनताले पहिलेजस्तै भूमिपति र पुँजीपति नामका खुला शत्रु देख्न छोडेका छन् । शत्रु आफूहरूजस्तै हुन्छ भन्ने ऊ हाम्रै बीचमा छ भन्ने आफ्नै अनुहार हेरेर जनता भन्न सक्दैनन् । क्रान्ति अग्लो चट्टानका किनारमा छ जहाँ पहिलेका सबै क्रान्तिहरू पुगेका थिए र जहँबाट मोडिएका थिए । तिनीहरू आफ्नो निरक्षरता र अज्ञानताका कारण त्यसलाई चित्रित गर्न सक्दैनन् । विशिष्ट साधनद्वारा यस निरक्षरतालाई उन्मूलन गर्न सबै प्रकारका विशिष्ट आयोगहरूलाई कति समय लाग्ला, यो भन्नै गाह्रो छ ।

जनताले कसरी जानून्, कोलचाक, रेङ्गल र डेनिकिन जो हाम्रै बीचमा छन् तिनैले विगतका हाम्रा सबै क्रान्तिलाई कुल्चिदिएका थिए भन्ने ? पुँजीवादीहरूले हात माथि पार्नसके भने पुरानो राज्यव्यवस्था फिर्ता हुनेछ । जो विगतका सबै क्रान्तिहरूका अनुभवबाट प्रस्ट भइसकेको छ । हाम्रो पार्टीले जनसमूहलाई हाम्राबीचको शत्रु अराजक पुँजीवाद र अराजक वस्तु विनिमय हो भन्ने महसुस गराउनुपर्छ । हामी आफैँले स्पष्टतः के देख्नैपर्छ भने यस सङ्घर्षको विषय हो : कसले जित्ला ? हात माथि कसले पार्ला ? अनि हामीले किसान र मजदुरहरूको सबैभन्दा ठूला समूहलाई स्पष्टतः देखाउनुपर्छ । सर्वहारा वर्गको अधिनायकत्व नै समग्र दुनियाँका विरुद्ध, हामीले सञ्चालन गर्ने कठोरतम र सबैभन्दा भयानक क्रान्ति हो किनभने कोलचाक र डेनिकिनलाई समर्थन गर्ने त्यो समग्र दुनियाँ हाम्राविरुद्ध थियो ।

अहिले समग्र संसारको बुर्जुवा वर्गले रसियन बुर्जुवा वर्गलाई समर्थन गरिरहेको छ र तिनीहरू हामीभन्दा पनि अझै पनि बढी बलिया नै छन् । तथापि त्यसले हामीलाई पीडादायी अवस्थामा फ्याँक्दैन । तिनको सैन्यशक्ति हाम्रोभन्दा बलियो थियो । यद्यपि हामीभन्दा हातहतियार र हवाई क्षेत्रमा अतुलनीय ढङ्गले श्रेष्ठ हुँदाहुँदै पनि र त्यसो गर्न तिनीहरूलाई धेरै सजिलो थियो । तैपनि युद्धमा तिनीहरू हामीलाई कुल्चिन असफल भए । कुनै पुँजीवादी राज्यले जो हामीसँग लडिरहेका थिए बेलैमा आफ्ना केही सैन्य फौज परिचालन गर्न सकेका भए र तिनीहरूले अनिच्छापूर्वक कोलचाकलाई करोडौँको स्वर्णमुद्राको ऋण नलिएका भए सायद तिनीहरूले हामीलाई कुल्चिदिन्थे होला ।

तथापि तिनीहरू असफल भए किनभने ती साधारण बेलायती सिपाहीहरू जो अर्चाङ्गेल आए र ती नाबिकहरू जसले फ्रान्सेली युद्धपोतलाई उडिसाबाट फिर्ता जान बाध्य पारे तिनीहरूले तिनका शासकहरू गलत थिए र हामी सही थियौँ भन्ने महसुस गरे । अहिले पनि हामी हाम्रो सेनाभन्दा बलशाली सेनासँग जोडिएका छौँ र यस युद्धलाई जित्न हामी हाम्रा शक्तिको अन्तिम स्रोतसँग निर्भर हुनैपर्छ । शक्तिको त्यो अन्तिम स्रोत भनेको किसान र मजदुरहरूको समूह, तिनीहरूको वर्गसञ्चेतना र सङ्गठन नै हो ।

कि त सङ्गठित सर्वहारा वर्गीय शक्ति, सचेत श्रमिकहरू र सचेत किसानहरूको एउटा सानो भागले यसलाई बुझ्नेछ र आफ्ना वरिपरिको जनताको आन्दोलनलाई सङ्गठित गर्न सफल हुनेछ जुन कुरामा हामी विजयी हुनेछौँ अथवा हामी त्यसो गर्न असफल हुनेछौँ जुन कुरामा प्राविधिक रूपले सक्षम शत्रु पक्षले हामीलाई अनिवार्यतः हराउनेछ ।

क्रमशः

### सांस्कृतिक प्रतिरोधको उत्कर्ष नमुना अनेकोट

# सम्झनाका तरेलीमा ती सुन्दर अनुहारहरू

/fh

जनयुद्धमा बलिदान गर्ने परिचित असङ्ख्य अनुहारहरूमध्ये २०५५ साल चैत ५ गते अनेकोटमा जिउँदै डढाइएका अनुहारहरूको सम्झनामा र सम्मानमा लेख्न लागिरहेको छु।

'काभ्रेको अनेकोटमा ७ जना संदिग्ध माओवादीहरूको दोहोरो भिडन्तमा हत्या...', चैत ५ गते राति पौने ९ बजे बीबीसी नेपाली सेवाले समाचार प्रसारण गऱ्यो । मृत्युको खबरले मुटुलाई बारम्बार गिजोलिरहेको बेला बीबीसीको समाचारले मुटुलाई झन् नराम्रोसँग चपायो । स्तब्ध भएँ म । 'दोहोरो भिडन्त' नाटक, केवल नाटक, यस्तै लाग्यो मलाई । दोहोरो भिडन्तमा माओवादीतर्फ सातसातजना मारिनु तर प्रहरीतर्फ भने एकजना पनि नमारिनु, के यस्तो घटना पनि सम्भव छ ? कसरी पत्याउने दोहोरो भिडन्त भनेर ? रक्तपिपासु बगरेहरूले जब निर्दोष जीवनहरूलाई जथाभाबी चपाउन थाल्छन्, तब लाज ढाक्नका लागि 'दोहोरो भिडन्त' को नाटक प्रहसन गर्छन् तर वास्तविक भिडन्त हुँदाचाहिँ बगरेहरू चुँसम्म बोल्दैनन् । बोल्ने हिम्मत नै गर्दैनन् । बबुराहरूले हिम्मत गरून् नै कसरी ? जब वास्तविक भिडन्तहरूको इतिहासमा आजसम्म शर्मनाक हार खाँदै आइरहेका छन् । आततायीहरूप्रति मभित्र आक्रोश र जुगुप्सा एकैचोटि जागेर आयो । सहयात्रीहरूका असङ्ख्य अनुहारहरू मानसपटलमा छाल बनेर तरङ्गिन थाले । सोच्दासोच्दै सोचाइमै चुर्लुम्म डुबेँ म । असङ्ख्य जीवनहरूका साथमा थुप्रै बस्तीहरू रक्तमुच्छेल भएको देखेँ मैले, घायलघायल भएको पाएँ मैले । असङ्ख्य परिचित-अपरिचित अनुहारहरूको भीडमा हराएँ म । अहँ, किनारामा उत्रिन सक्दैसकिनँ । नाइल नदीजस्तै लामो रातमा रातको आयुले थिच्दै जाँदा प्रतीक्षा कति धेरै पीडादायी हुन्छ होला सोच्नुस् त एकपटक ! साँच्चै पीडादायी हुँदोरै'छ प्रतीक्षा ।

रातको आयु त समाप्त भयो नै तर मभित्र छट्पटी भने जस्ताको तस्तै रहिरह्यो । आतुर थिएँ म अनेकोटमा जिउँदै पोलिएका सातजना अनुहार चिन्नलाई । करिब १० बजेतिर पर्खालभित्र अखबारहरू आइपुगे । अखबारको पानाभरि हुत्याएँ दुवै आँखाहरू । आँखाहरू अखबारका पानाभरि फैलिए । एकाएक धमिला भए आँखा । अखबारका अक्षरहरू आगो बनेर उडे, ज्वाला बनेर छातीभरि फैलियो । म ह्वारह्वार्ती बल्न थालेँ आक्रोशले । 'एमालेको सुराकीमा सातसातजना जनकलाकारहरूको दिनदहाडै बीभत्स सामूहिक हत्या...!' ओहो ! कति भयानक यथार्थ, कति तीतो सत्य ! पत्याउन मन नलाग्दानलाग्दै पनि जबर्जस्ती पत्याउनैपर्ने, विश्वास नगरूँ भन्दाभन्दै पनि विश्वास गर्नैपर्ने । कति प्यारा थिए ती नामहरू, कति सुन्दर थिए ती जीवनहरू । ती सुन्दर जीवनहरू, लालुपातेझैँ झर्भराउँदा ती अनुहारहरू पोले आततायीहरूले, जिउँदै पोले । झस्कँदै नझस्कने पहरे छातीहरूमा विषालु गोलीहरू दागे । समवेदनाले भरिएका कोमल मुटुहरू क्षतविक्षत पारे । च्याङ्बा लामा, निर्मला देवकोटा, सुभद्रा सापकोटा, चिनीमायाँ लामा, गुम्बासिंह लामा, डम्बर श्रेष्ठ, मञ्जु कुँवर...। ती प्यारा नामहरू आज झन्झन् प्यारा बनेका छन् । प्यारा मात्रै होइन, सदासदाका लागि इतिहासमा मेटिँदैनमेटिने गरी कुँदिएका छन् । शब्दश्रद्धा ती प्यारा नामहरूलाई, ती प्यारा जीवनहरूलाई, ती अमर जीवनहरूलाई ।

च्याङ्बा लामा काभ्रेली जनताको मुटुको धड्कन, जनताको गीत गाउने एउटा रातो गायक, जनताको गीत लेख्ने एउटा प्यारो लेखक, सुतेका बस्तीहरूलाई ब्युँझाउने एउटा जनवादी कलाकार, समरको एउटा भरोसायोग्य सिपाही, मेरो प्यारो साथी, यात्राको एउटा सहयात्री । छैन, आज यस धर्तीमा भौतिक रूपमा छैन । हामीभन्दा धेरै टाढा, क्षितिजभन्दा पनि टाढा, खै कता हो कता हराएका छन् । प्यारो साथी ! भन तिमी कहाँ छौ ? हामी तिमीलाई नै धुइँधुइँती खोजिरहेका छौँ । तिम्रो अनुपस्थितिमा हामी घाइते बाघ भएका छौँ साथी, घाइते बाघ भएका छौँ । हाम्रो घाइते मनलाई थुम्थुम्याउन तिमी आउँदैनौ त ? हिजो सिन्धुलीका बस्तीहरूमा, काभ्रेका गाउँहरूमा महान् उद्देश्य बोकेर सँसगै यात्रा नापेका ती क्षणहरूलाई कसरी भुल्न सक्छु र प्यारो साथी म ! तिमालका चौँरीका बथानसँगै कस्तरी रमाएका थियौँ हामी । सिन्धुलीको महाभारतमा पाखैभरि राताम्मे फुलेका राता गुराँसहरूसँगै हामीले पनि बैँसालु लालीगुराँसजस्तै सपनाहरू कस्तरी आँखाभरिभरि फुलाएका थियौँ । शिशिरको कठ्याङ्ग्रिँदो जाडोमा एउटै सिरक ओडेर, एउटै थालमा खाएर केन्द्रीय कारागार, वीरगन्जमा लडाइँ लडेका ती सङ्गीन पलहरूलाई बिर्सन खोज्दा बिर्सन सकिन्छ र ? सकिँदैन साथी, सकिँदैन । बिर्सन खोजेर पनि बिर्सन सकिने कुरा पनि त होइन ।

यतिखेर म मेरो अर्को प्यारो साथी कान्छा लामालाई पनि झल्झली सम्झिरहेको छु । पर्खालभित्र कैद हुनुअघि कान्छा लामा मेरा एक अजनबी साथी थिए । जब म रूपान्तरण भई केन्द्रीय कारागार काठमाडौँमा आएँ, तब ती अजनबी सहयात्रीसँग परिचय भयो । सधैँ हँसमुख रहने, अत्यन्तै अनुशासित, लगनशील, होचो कद, कलिला तर झर्झराउँदो गोलो अनुहार भएका ती व्यक्ति आज हामीसँग छैनन् । छ त केवल सम्झना छ, स्मृतिको छाया छ । पर्खालभित्र पनि कति सक्रिय थिए च्याङ्बा र कान्छा । उनीहरू दुवैलाई यात्राप्रति पूरापूर विश्वास थियो । प्रायजसो राति अबेरसम्म थाङ्काहरू कोर्थे । दुवैजना कविताहरू लेख्थे, गीतहरू लेख्थे । लेखिसकेपछि हतारहतार मलाई देखाउँथे । म मेरा प्रिय साथीहरूलाई नयाँनयाँ कुराहरू लेख्न प्रोत्साहित गर्थें । कमजोरीहरू बिनाहिचकिचाहट औँल्याइदिन्थेँ । कान्छा लामाका एक दर्जनभन्दा बढी गीतहरू र कविताहरू ताजै छन् आजतक । प्यारा साथीहरूले लेखेका ती कविता र गीतहरू सुरक्षित छन् कि छैनन् ? मलाई अहिले थाहा छैन । मीठामीठा कविता र गीत लेख्ने मेरा प्यारा साथीहरू आज आफैँ सुन्दर कविता बनेका छन्, मीठा गीतमा रूपान्तरण भएका छन् । कविहरू आज साथीहरूको सम्झनामा निरन्तर कविता जन्माइरहेका छन्, गीतहरू साथीहरूको सम्मानमा सुन्दर गीतहरू लेखिरहेका छन् । बेथान कारबाहीमा सहादत प्राप्त गर्ने सहिद तीर्थ गौतम र सहिद दिलमाया बम्जनको सुन्दर तस्बिरहरू कोर्ने कान्छा लामा आज स्वयम् सहिदमा अनुवाद भएका छन् । ती कल्कलाउँदा परिश्रमी हातहरूले थुप्रै सहिदहरूका तस्बिरहरू कोर्न बाँकी नै थिए तर यो आततायी सरकारलाई यो सह्य भएन । त्यसैले कान्छा लामाहरूको कलम भाँच्यो, कुची र ब्रस खोस्यो । च्याङ्बा लामाहरूको सारङ्गीको तार चुँडायो, बाँसुरी र मादल फुटायो । आततायीहरूलाई यत्तिले मात्र चित्त बुझेन र कान्छा लामाहरूमाथि गोली बर्सायो, च्याङ्बा लामाहरूलाई जिउँदै डढायो । म थुक्छु यो कायर, आततायी सरकारलाई, खुबसँग थुक्छु- थुः, थुः थुः, थुः । प्यारो साथी कान्छा, मसँग तिम्रो तस्बिर कोर्ने सुन्दर कला त छैन तैपनि तिम्रो तस्बिर मृत्युपर्यन्त छातीको देब्रे कुनामा मुटुसँगै सजाइराख्नेछु । प्यारो साथी च्याङ्बा, मसँग तिम्रोजस्तो कला र गला त छैन तर पनि तिमीले छाडेर गएका गीतहरू गुन्गुनाइरहनेछु- जीवनभरि । तिमीहरूको अनुपस्थितिमा कति विक्षिप्त छु, म । आऊ, साथीहरू आऊ, मलाई हेर्न आऊ । मेरा आँखाको साउने झरी हेर्न आऊ । मेरो छातीमा दन्किरहेको आगो हेर्न आऊ ।

निर्मला देवकोटा सिन्धुलीकी छोरी, रातो गीत गाउने राती गायिका, जनताकी प्यारी कलाकार । जवानीमा पाइला टेक्दै गरेकी एक सम्भ्रमी, मेरी आँखाकी नानी । हो, उनीसँग अब मेरो भेट कहिल्यै हुँदैन । मेरो आँखाकी नानीको त्यो जूनभन्दा पनि शीतल अनुहार स्मृतिको छायामा मात्रै बाँचिरहेको छ अब तर मेरी प्यारी बहिनीको त्यो घामभन्दा पनि तातो विचार, मरुभूमिमा दुबो फैलिएझैँ फैलिरहनेछ- युगयुगान्तर । प्यारी बहिनी ! तिम्रो सहादतको खबरले गुराँसैगुराँस फुल्ने मेरा आँखा आँसु बनेर बिजाइरहेछ । कोसीको पानीजस्तो सपना काँडाको झ्याङमा अल्मल्लिएको चराझैँ रङ्भङ्गिएको छ । मन पनि भँगालाले खाएजस्तै अनुभूत भइरहेछ । यो मन फुल्याउन साह्रै गाह्रो परेको छ बैनी, साह्रै गाह्रो !

अमलेको सिम्लेकिनारमा तिमी जुन घरमा जन्मियौ, त्यसले नै तिमीलाई आगोसँग खेल्न सिकायो, ज्वालामुखीमा यात्रा गर्न उत्साहित गरायो । प्यारी बहिनी, यति सानो उमेरमा तिमीले जति लामो यात्रा गर्न सफल भयौ, त्यसले नै तिमीलाई युगयुगान्तरका लागि जिउँदो बनायो । जुन बेला तिमी सानी थियौ, त्यतिबबेला पनि कति आँटिला कुरा गर्थ्यौ तिमी, कति साहसिला कुरा गर्थ्यौ तिमी । साँच्चै तिमी भरासिली थियौ बैनी । त्यही बेलादेखि नै हामीले तिमीमाथि एउटा जिउँदो सपना हुर्काएका थियौँ । हाम्रो त्यो जिउँदो सपना आफू जिउँदै डढेर आज पूरा गराएकी छ्यौ । धन्य छ्यौ बैनी, तिमी धन्य छ्यौ । तिमीसँग हामी नतमस्तक छौँ । हाम्रो प्यारो बस्ती उजाड छ रे आजकल । सिम्ले र खानीखोला विरहलाग्दो भएका छन् रे । भ्याँसेडाँडामा पनि एकतार हावा चलिरहन्छ रे, झल्कने पाखोमा बस्ने न्याउली र कोइलीले गाउँ छोडेर गएका गाउँलेहरूलाई 'गाउँ फर्क..., गाउँ फर्क...' भन्दै आह्वान गरिरहेका छन् रे । छर्छरेको चुचुरो पनि श्रद्धाले इन्द्रेणीझैँ नुहेका छन् रे । बस्तीभरि हूलका हूल बगरे मात्रै भेटिन्छन् रे । हाम्रो सिम्लेकिनारको छाप्रो पनि खरानी बनायो रे बैनी, खरानी । तिमी गयौ, कहिल्यै नफर्किने गरेर गयौ । हामीलाई धरधरी रुवाएर गयौ । यस्तो वियोगमा पनि हामीले अघाउन्जेल रुन पाएका छैनौँ । मेरी आँखाकी रानी ! हाम्रो बस्तीमा बगरेहरूले चिहानको पहाड नै किन नबनाऊन्, तैपनि आततायीहरूको बन्दुकले वीर हरूको छाती भेदन गर्न सक्नेछैन, सुनौलो बिहानीको आयु कालो रातले लुट्न सक्नेछैन ।

प्यारी बहिनी ! कहिलेकहिले म 'माइली' भनेर बोलाउँथेँ तिमीलाई । कति मन पर्दैनथ्यो है तिमीलाई 'माइली' भनेर बोलाएको । अनुहारमा हल्का रिस पोत्दै तत्कालै प्रतिवाद गर्थ्यौ- 'मलाई माइली हैन, साइँली भन्नुस् ।' मैले एक दिन तिमीलाई सोधेको थिएँ- किन तिमीलाई माइली भनेको मन पर्दैन र ? मेरो प्रश्नको उत्तरमा तिमीले कति दह्रो तर्क पेस गरेकी थियौ- माइली शब्द मन नपरेर साइँली भन्नुस् भनेकी हैन मैले । मलाई माइली शब्द पनि मनपर्छ, रोलक्रमअनुसार म माइली होइन, साइँली हो । मभन्दा माथि एउटी दिदी र एउटा दाजु भएपछि म कसरी माइली हुन्छु ? नारी-पुरुष बराबरी पनि भन्ने अनि फेरि यति सानो कुरामा पनि पक्षपात गर्ने ? यो त सामन्ती चिन्तन भयो नि दाइ । साँच्चै बहिनी तिमीले कति गजबसँग चुकुल ठोकिदिएकी थियौ मेरो मुखमा । तिम्रो तर्कलाई धेरै दिनसम्म चिन्तनमनन गरेँ मैले । तर्क त सानै थियो तर यो सानै तर्कबाट पनि म खुब प्रभावित भएँ र 'माइली' भनेर तिम्रो चित्त दुखाउने काम कहिल्यै गरिनँ । अब म बहिनी, तिम्रो चित्त दुखाउँछु भनेर पनि पाउँदिनँ ।

साइँली बैनी ! करिब एक वर्षअघि तिम्रो र मेरो भेट सिन्धुली कारागारमा भएको थियो । गेटअगाडिको किलामा उभिएर 'अब त म पनि ठूली भइसकेँ दाइ' भन्दा तिम्रो कुरामा पटक्कै विश्वास लागेको थिएन मलाई । त्यतिखेर तिमीले हामीलाई चाँडै लिन आउने वचन पनि दिएकी थियौ तर बैनी, तिम्रो त्यो सपना पूरा गराउन दिएनन् दुष्टहरूले । तिम्रो त्यो सपनाको सुन्दर संसारमा आततायीहरूले एकाएक आगो झोसिदिए । जिउँदै पोलियौ तिमी दुष्टहरूको हातबाट । तिमीले आफू ठूली भएको जानकारी गराउँदा मैले पत्याएको थिइनँ तर बैनी, तिमी त साँच्चै ठूली भइसकेकी रहिछ्यौ । तिम्रो उचाइ त सगरमाथाभन्दा उच्च भइसकेको रहेछ । सगरमाथाभन्दा उच्च तिम्रो उचाइलाई मेरो रातो सलाम ! 'आइपुग्यो छापामार खुकुरी भिरेर...' जस्ता रगत उमाल्ने गीतहरू जेलका गेटहरूमा पनि कति निर्धक्कसँग गाएकी थियौ तिमीले । त्यतिखेर कति खुसी भएका थियौँ हामी ! त्यो खुसीलाई हाम्राबीचबाट आततायीहरूले सदासदाका लागि खोसेका छन् । हामी अझ प्यारी बहिनीले गाएका धेरैधेरै गीतहरू सुन्न चाहन्थ्यौँ । धेरैधेरै खुसीमा रमाउन चाहन्थ्यौँ तर आततायीहरू तिम्रो गीतदेखि डराए, तिम्रा आवाजदेखि डराए र डराए तिमीदेखि नै र जिउँदै सुतायो दन्कँदो चितामाथि तिमीलाई । तिमी चितामाथि जलेको खबर सुन्दा कति विक्षिप्त भएँ म, खै कसरी अभिव्यक्त गरौँ र यहाँ ? साँच्चै बहिनी, तिम्रो अनुपस्थितिमा म पागल बनेको छु, पागल । नपत्याए हेर्न आऊ मलाई । मेरी प्यारी बहिनी । मेरो आँखाको साउने झरी हेर्न आऊ, मेरो छातीभित्र दन्केको आगो हेर्न आऊ । आऊ, बहिनी आऊ, मलाई हेर्न आऊ ।

चौध वर्षीया मञ्जु कुँवरको कलिलो मुहार स्मृतिमा धमिलो भएर प्रतिबिम्बित भइरहेको छ । मञ्जुको घरमा धेरैचोटि गएको छु म, दर्जनौँपटक घरको आँगन कुल्चिएर ओहोरदोहोर गरेको छु तैपनि किशोरी मञ्जुको तस्बिर प्रस्ट भइरहेको छैन । सुभद्रा सापकोटा, चिनीमाया लामा, डम्बर श्रेष्ठ र गुम्बासिंह लामालाई व्यक्तिगत रूपमा म चिन्दिनँ । यसको मतलब ती आदरणीय नामहरूप्रति, ती राता यात्रीहरूप्रति, ती झर्झराउँदा जीवनहरूप्रति मेरो श्रद्धा छैन भन्ने हैन । ती आदरणीय नामहरूप्रति, यात्रीहरूप्रति, ती झर्झराउँदा जीवनहरूप्रति मेरो असीम श्रद्धा छ, लाखौँ रातो सलाम छ ।

यतिखेर हामी हाँस्दाहाँस्दै रोएका छौँ र रुँदारुँदै हाँसेका छौँ । आफन्तजनहरूको र वर्गीयजनहरूको बीभत्स मृत्युले हामी हतप्रभ भएका छौँ । सुखद भविष्यको कल्पना हामीले मस्तिष्कमा सजाएका पनि छौँ । काभ्रेको इतिहासमा मात्रै हैन, सिङ्गो नेपालको इतिहासमा नयाँ र अत्यन्तै दुःखद् घटनाका रूपमा चैत ५ को अनेकोटको हत्याकाण्ड नेपाली इतिहासमा जीवित रहनेछ । जब सरकार जनताबाट एक्लिन्छ, निरङ्कुश, फासिस्ट र आततायी सत्ता रङदेखि डराउँछ, सारङ्गी र बाँसुरीदेखि डराउँछ, मादल र हार्मोनियमदेखि डराउँछ, डराउँदाडराउँदा ऊ हाम्रो हातदेखि डराउँछ, हाम्रो आवाजदेखि डराउँछ । अन्ततः ऊ आज सुत्केरी आमादेखि डराएको छ । कोक्रामा मुस्कुराइरहेका अबोध नानीहरूको निश्छल मुस्कानदेखि डराएको छ ।

यो आततायी सरकारलाई आजकाल डराउने रोग लागेको छ । त्यसैले जताततै मृत्यु रोप्दै हिँडेको छ । आततायीहरूलाई के थाहा, चिहानबाट अजस्र जीवनहरू पलाउँदै गएको कुरा ! हिजो रुकुममा मस्त ढले, सिन्धुलीमा जयाहरू ढले, काभ्रेमा कान्छा लामाहरू ढले तर के ती राता मान्छेहरूले गाउने गीत उनीहरूसँगै चिहानमा पुरिए त ? पुरिएनन् । अझ ती राता गीतहरू झन् सिम्रिक बन्दै, लालुपाते र लालीगुराँस बन्दै गाउँबस्तीमा फैलिए । चौध वर्षीया किशोरी मञ्जुले समेत बस्तीमा ढलेका आफन्तहरूको जीवन खोज्दै गीत गाए । चिहानको पहाडमाथि रोइरहेका गाउँहरू खोज्दै सङ्गीत सुनाए । पर्खालभित्र जन्जिरले कसिएका आफन्तहरूका हातहरू माग्दै आफ्ना कलिला हातहरू आततायीहरूले टुक्राटुक्रा पारेर छप्काएका छन् । कलकलाउँदा जीवनहरूलाई जिउँदै डढाएका छन् तर किशोरी मञ्जुका कलिला एकजोर हात लाखौँ हात बनेर उठिसकेका छन् । ती जिउँदै पोलिएका कलकलाउँदा जीवनहरू लाखौँ जीवन बनेर यात्रामा जुटिसकेका छन् ।

आततायीहरूको इतिहास भनेको हत्या, बलात्कार र लुटपाटको इतिहास हो । अमेरिकी आततायीहरूले जनताका प्यारा गायक पल रब्सनलाई, जनताका प्यारा लेखक अबु जमाललाई चपाउन खोजेको इतिहास हाम्रासामु ताजै छ । तसलिमा नसरिन र सलमान रुस्दीले आजसम्म भोगिरहेको नियतिबाट हामी अपरिचित छैनौँ । फासिस्ट राणाहरूले सुब्बा कृष्णलाललाई जेलभित्र नै कुहाएको इतिहास पनि हाम्रासामु चिसिएको छैन । आततायीहरूले इतिहासलाई अझ कठोर र अझ तीव्र बनाएका छन् । बनाओ आततायीहरू, जतिसक्दो कठोर बनाओ । जतिसक्दो तीव्र बनाओ तर हामी हाम्रो गीत गाइरहनेछौँ, हाम्रो सङ्गीत बजाइरहनेछौँ, हामी हाम्रो यात्रामा अघि बढिरहनेछौँ, निरन्तर...निरन्तर... ।

(रातो युद्धले जन्माएका राता सहिदहरू, पहिलो संस्करण २०६० बाट)




***दोहोरो भिडन्तमा माओवादीतर्फ सातसातजना मारिनु तर प्रहरीतर्फ भने एकजना पनि नमारिनु, के यस्तो घटना पनि सम्भव छ ? कसरी पत्याउने दोहोरो भिडन्त भनेर ? रक्तपिपासु बगरेहरूले जब निर्दोष जीवनहरूलाई जथाभाबी चपाउन थाल्छन्, तब लाज ढाक्नका लागि 'दोहोरो भिडन्त' को नाटक प्रहसन गर्छन् तर वास्तविक भिडन्त हुँदाचाहिँ बगरेहरू चुँसम्म बोल्दैनन् । बोल्ने हिम्मत नै गर्दैनन् ।***

## कविता

### लालताराहरूसँग

**अशोक सुवेदी**



माफ गर
मेरा हजारौँ लालतारा
मुटु गाँठो पारेर
परेलीका डिलडिलमा डब्डबाएका
नुनिला आँसुका ढिक्काहरू रोकेर
मैले भन्नैपर्छ-
चेतना र सभ्यतालाई ज्यूँदै जलाउने
कालरात्रीको दाहसंस्कार गर्न
तिमीले फायर खोलेको १८ वर्ष नलाग्दै
आत्मसमर्पण गरेको छ कमान्डरले
झुकाएको छ बन्दुक
च्यातेको छ रक्तरञ्जित पोसाक
र उठाएको छ दुवै हात !
माफ गर लालतारा माफ गर !
पश्चाताप गरेको छ उसले
तिम्रो रातो रगत र बलिदानप्रति
तिम्रो बहादुरी र कासनप्रति
तिम्रो ललकार र विस्फोटप्रति
मात्र उसका लागि र उसको स्वार्थका लागि
धुजाधुजा पारेको छ
तिम्रो रगतमा चोबलेर
रातो
गाढा रातो रङ बोकेर फर्फराएको झन्डा !
उसले प्रायश्चित गरेको छ बारम्बार
तिम्रो गौरवशाली बलिदानमाथि र
हजारौँ क्रान्तिकारी बाबाआमाको,
लाखौँ ऊर्ध्वगामी नानीबाबुको
अदम्य शौर्य, त्याग र चातुर्यमाथि
थुकेको छ उसले
आफूले बनाएको रक्तरञ्जित यात्राप्रति र
फर्काएको छ घोडा
ओरालो, सीधै ओरालो
शिखर चुम्न लागिसकेका बाइपङ्खी घोडा
फुकालेको छ काँठी र
उखेलेको छ जगर
भुत्ल्याएर शरीरमा
दलेको छ नुनचुक
मात्र आफ्ना लागि र
आफ्नो निहित स्वार्थका लागि !
आँसु, पीडा र शोकलाई
रूपान्तरित गरेर आक्रोश र बारुदमा
जो विस्फोट भएथे अन्तिम क्षणसम्म
मुक्ति जिन्दावाद, मृत्यु मुर्दावाद भन्दै
खाएथे शपथ र
बचेको एउटा मुट्ठी उचालेर
थर्काउँदै नारायणहिटी, ह्वाइटहाउस र दिल्ली दरबारलाई
लगाएथे आशावादी नाराहरू
शिर झुकाएर भन्छु-
क्याम्प फेरेको छ कमान्डरले र
सगर्व घोषणा गरेको छ गद्दारीको
मालेमाकै नाम जप्दै
जन्मिएको छ ख्रुस्चेभको अर्को संस्करण
उदाएको छ तेङको नयाँ सन्तान र
बनेको छ मनमोहन-रायमाझीको असली चेलो !
प्रिय लालतारा
धैर्य, संयम र गम्भीर छौँ प्रिय लालतारा !
कमान्डर बौलाएको यो घडीमा
कमान्डर मरेको यो क्षणमा
फुकीफुकी पाइला चालिरहेछौँ ।
सूर्यलाई हत्केलाले छेक्न
अब धावा बोल्नै परेन ओबामाले र
फिरङ्गी पठाउनै परेन विस्तारवादले
यहीँ जन्मियो लेन्डुप र
बनायो लालसेनालाई नयाँ फिरङ्गी
बिप्पा, एअरपोर्ट, सुपुर्दगी र जलस्रोतमा ल्याप्चे लगाएर
ढाक्यो रातो झन्डाले !
तिम्रो महान् बलिदानीको १८ औँ वर्षगाँठ मनाउँदै गर्दा
पूर्वकमान्डरको अन्तिम संस्कारको घोषणा गर्दैछु-
नेपाली लेन्डुपको/महाभारतकालीन विभीषणको
जो आफ्नै सेनालाई बन्धक बनाउन
दिन्छ कासन दुस्मन सेनालाई
त्यही सेना
जसका गोलीले मारिएथे आफ्नै योद्धा
र लुटिएथे चेलीका अस्मिताहरू
म धिक्कार्छु, थुक्छु हजारपटक
वर्गघाती नवलेन्डुपहरूलाई र
कासन गर्छु नवीन विद्रोहको
जहाँ सामेल छन् सपनामाथि आगो लगाइएका
हजारौँ अनेकोटहरू
र सपनाको सुन्दर रङमाथि हिलो छेपिएका ती अयोग्यहरू
जो क्रान्तिका लागि योग्य मात्र होइन, सुयोग्य छन्
र वैरीलाई हायलकायल पार्न अब्बल छन् ।
प्रिय लालतारा !
तिम्रो रगतसँग साटिएको हतियार र बारुद खोसेर
तिम्रा सपना सजिएका सुन्दर पोसाक कब्जा गरेर
चैनको निद्रा सुत्ने तयारीमा छन् छविलालहरू
तर तिनीहरू नझकाउँदै
हुनेछ विस्फोट तिनका सिरानीहरूमा
र भग्नावशेषमाथि बन्नेछ सुन्दर संसार !

*(अनेकोटमा जिउँदै जलाइएका जनसंस्कृतिकर्मीहरूको स्मृतिमा)*
२०६८

# जनसांस्कृतिक सम्मिलन कार्यक्रम सम्पन्न

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका पोलिट्ब्युरो सदस्य पदम राईले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माके अध्यक्ष प्रचण्ड ढोंगी नेता भएको बताउँदै यो सरकारले जनताको पक्षमा काम गर्न नसक्ने बताएका छन् ।

राजधानीमा आयोजित जनसांस्कृतिक सम्मिलन कार्यक्रममा नेता राईले संसदीय व्यवस्था जनताविरोधी हुने भएकोले राम्रो गर्छु भन्नु दिउँसै सपना देख्नुजस्तै भएको दाबी गरे । कार्यक्रममा नेता राईले भने, 'केपी र प्रचण्ड ढोंगी नेता हुन् । उनीहरूले जनताका पक्षमा काम त गर्दैनन् नै, उनीहरूले पाँच वर्षसम्म माखोसमेत मार्न सक्ने छैनन् ।'

शनिबार संवाद डबलीमा नेकपा निकट अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र महासङ्घको आङ्गिक सङ्गठन अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी सङ्घले आयोजना गरेको 'जनसांस्कृतिक सम्मिलन' कार्यक्रममा नेता राईले नेकपा एमाले र माओवादी केन्द्रमा खराबहरूको बहुमत भएको पनि बताए । 'एमाले र माकेभित्र इमानदार नेता-कार्यकर्ता पनि छन् तर उनीहरू कम छन् । डाँका र बदमासहरूको सङ्ख्या धेरै छ । त्यसैले ओली र प्रचण्ड डाँकाहरूका नेता हुन् । उनीहरूले जनताका पक्षमा काम गर्दैनन्', राईले भने ।

पूर्वमन्त्रीसमेत रहेका राईले संसदीय व्यवस्थाले जनताका पक्षमा काम नगर्ने कुरा पुष्टि भइसकेकाले आफ्नो पार्टीले वैज्ञानिक समाजवादको लागि सङ्घर्षको थालनी गरेको बताए ।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य आजादले पुँजीवादी व्यवस्थाले कलाकारहरूलाई मनोरञ्जनका साधन मात्रै बनाउने भएकाले वैज्ञानिक समाजवादमा मात्रै हक र अधिकारको रक्षा हुने बताए । चलचित्र क्षेत्रमा दिनप्रतिदिन दलालीकरण बढेको भन्दै राईले त्यसविरुद्ध क्रान्तिकारी तथा प्रगतिशील कलाकारहरू नै जुट्नुपर्ने बताए ।

महासङ्घका महासचिव खेम थपलियाले राष्ट्रियता, जनतन्त्र, जनजीविका र जनसंस्कृति स्थापनाका लागि परिवर्तनकारी सांस्कृतिकर्मीहरूबीच ध्रुवीकरण हुनुपर्नेमा जोड दिए । उनले राज्य व्यवस्थामा भइरहेको दलालीकरणसँगै सिङ्गो कलाकारिता क्षेत्रमा पनि दलालीकरण बढेको बताउँदै त्यसविरुद्ध फेरि सङ्घर्ष थाल्नुपर्ने बेला आएको बताए ।

अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी सङ्घका अध्यक्ष विवेक सापकोटा र महासचिव लव प्याकुरेले चलचित्र क्षेत्रमा मौलाइरहेको श्रम शोषणसँगै विकृति-विसङ्गतिविरुद्ध आफूहरू सङ्घर्ष थाल्ने बताए ।

कार्यक्रममा विभिन्न पार्टीमा आस्था राख्दै आएका दुई दर्जन चलचित्रकर्मी नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका थिए । कलाकारहरू संयोग राणा, पार्वती कार्की, सम्राट बस्नेत, गणेश मल्ल ठकुरी, अर्जुन भुसाल, सञ्जय थापा, सुरुचि लामिछाने, करुणा लामिछाने, अनुराग ठकुरी, रोबर्टसिंह पौडेल, केशव भट्टराई, गणेश साउद, डम्बर विक, विश्व घिसिङ, दिलिप श्रेष्ठ, राजु लामा, राज गोले, कमला बर्देबा, कुसुम परियार, प्रेम परियार, विक्रमप्रसाद पण्डित, सस्मन चदारालगायत अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी सङ्घमा प्रवेश गरेका छन् ।

## देशभर सांस्कृतिक ...

इन्चार्ज शरद रसाइलीले एमालेका नेताको सुराकीका कारण सात-सातजना जनकलाकारहरूको हत्या भएको भए पनि प्रचण्डहरू अहिले त्यही हत्यारा एमालेमा मिसिन जान लागेकाले त्यसको व्यापक भण्डाफोर गर्नुपर्ने बताए । उनले भने- अर्को वर्षबाट प्रचण्डहरूले सांस्कृतिक प्रतिरोध दिवस मनाउन पाउनेछैनन् किनभने त्यतिखेर सांस्कृतिक प्रतिरोध दिवस मनाउँदा केपी ओलीले तिनीहरूलाई दण्डित गरिदिनेछन् ।

२० औं सांस्कृतिक प्रतिरोध दिवसमा च्याङ्बा लामा, निर्मला देवकोटा, गुम्बासिं तामाङ, मञ्जु कुँवर, डम्बर श्रेष्ठ, सुभद्रा सापकोटा र चिनीमाया लामाका परिवारजनको उपस्थिति थियो । सहिद परिवारजनहरू कार्यक्रमका प्रमुख अतिथि पद्म राई, अतिथि जगतलगायत अतिथिद्वारा अबिर, अभिनन्दनपत्र र दोसल्लाका साथ सम्मानित हुनुभएको थियो ।

प्रतिरोधात्मक सांस्कृतिक कार्यक्रममा संयुक्त उद्योग वाणिज्य महासङ्घका केन्द्रीय अध्यक्ष युवराज पराजुली, काभ्रे सेक्रेटरी अग्रीम, सकुमबासी सङ्गठनका अध्यक्ष लालबहादुर विश्वकर्मा, तामाङ राष्ट्रिय मुक्तिमोर्चाका महासचिव कान्छामान तामाङ, अखिल नेपाल महिला सङ्घ सचिवालय सदस्य प्रतिमा गहतराज, किसान कार्यालय सदस्य प्रतिमा बजगाईंलगायतको उपस्थिति थियो ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियाको अध्यक्ष, सचिवहरू अशोक सुवेदी, कुशल बोगटी, सरल माझीको उपस्थिति, कोषाध्यक्ष आरोह नेपालीको सञ्चालन रहेको उक्त कार्यक्रममा केन्द्रीय सांस्कृतिक टोली सामना परिवारले विभिन्न क्रान्तिकारी गीत-नृत्य प्रस्तुत गरेको थियो ।

सम्रण रहोस्, २०५५ साल चैत ५ गते काभ्रेको अनेकोटमा सांस्कृतिक कार्यक्रमको तयारी गर्दै गरेका सातजना निहत्था संस्कृतिकर्मीलाई तत्कालीन सत्ताले आगो लगाएर हत्या गरेको थियो । संस्कृतिकर्मीहरूले विचार र वाद्यवादनका साधनको भरमा प्रहरीसँग गरेको प्रतिरोध अद्वितीय थियो । संस्कृतिकर्मीहरूले पुरानो सत्ताका रक्षकहरूसँग जीवनको भिक नमागी अन्तिमसम्म प्रतिरोध गर्दै बलिदान गरी त्याग, शौर्य र साहसको कीर्तिमान कायम गरेकाले चैत पाँच गतेलाई सांस्कृतिक प्रतिरोध दिवसका रूपमा मनाउने गरिन्छ ।

यसैक्रममा काभ्रे जिल्लाको अनेकोटमा २० औं सांस्कृतिक प्रतिरोध दिवस सम्पन्न भएको छ । ७ तारको रगतले रङ्गिएको अनेकोटको भूमिमा उभिएर गीत-सङ्गीत, कविता तथा मन्तव्यका साथ उपस्थित सबैले नेपालमा क्राान्तिको विकल्प नभएको कुरा बताएका छन् ।

महासङ्घले रोल्पाको भाबाङलगायत सामूहिक हत्याकाण्ड र देशैभरका सांस्कृतिक सहिदलाई सम्मान गर्ने र उनीहरूले देखेको सपनालाई पूरा गर्नका लागि प्रण गर्ने दिनको रूपमा पनि यो दिवसलाई मनाउँदै आएको हो । स्मरण रहोस्, एमालेको सुराकीमा प्रहरीको एक जत्थाले जनताका कलाकारहरू च्याङ्बा लामा, निर्मला देवकोटा, गुम्बासिं तामाङ, मञ्जु कुँवर, डम्बर श्रेष्ठ, सुभद्रा सापकोटा र चिनीमाया लामालाई जिउँदै जलाएर हत्या गरेका थिए ।

देश, जनता र समाजको मुक्ति, प्रगति र अग्रगामी परिवर्तनका लागि आफूलाई सचेत ढङ्गले काभ्रेको अनेकोटमा ७ जना जनकलाकारले बलिदान दिएजसरी नै जनताको महान् सङ्घर्षको प्रक्रियामा अछामको डुङ्गालामा नौजनाको सहादत भएको थियो भने रोल्पाको भबाङमा ११ जना जनकलाकार तथा डोटीको मुडभरा, अछामकै विनायकमा पनि कलाकारको सामूहिक सहादत भएको थियो । जनसांस्कृतिक आन्दोलनमा कृष्ण सेन 'इच्छुक', शारदा श्रेष्ठ, चुनु गुरुङ, अन्जान विरही, दिलमाया बम्जन। मस्त बिस्टलगायत १७० भन्दा बढीले सहादत प्राप्त गरेका छन् ।

## राईलगायत ...

उक्त पार्टीका पूर्वी कमाण्ड इञ्चार्ज विरहीले आफ्ना पार्टीका नेता कार्यकर्तालाई बिना शर्त रिहा गर्नुको साटो म्याद थपेकाले बाध्य भई बन्द आयोजना गर्नुपरेको जनाएका छन् । आफ्ना नेता कार्यकर्ता गिरफ्तार गरेको विरुद्धमा चैत्र ६ गते चक्काजामको आयोजना गरेको थियो । चक्काजामको क्रममा सुनसरीबाट रोशनलाई प्रहरीले गिरफ्तार गरेको जानकारी प्राप्त भएको छ ।

## पुरानो सत्तालाई ...

गर्दा आफ्नै नातागोताका नियुक्ति गर्ने, त्यसबापत आर्थिक लाभ उठाउने गरेको उजुरी जनपरिषद्मा आउने गरेको उल्लेख छ ।

यस्तै जिल्ला जनपरिषद् रौतहटले जिल्लाका सम्पूर्ण जनप्रतिनिधिलाई तत्काल राजीनामा दिन आह्वान गरेको छ । शनिबार अपराह्न जिल्ला प्रमुख जमानसिंह वाइबाले विज्ञप्ति जारी गर्दै जनप्रतिनिधिहरूको राजीनामा माग गरेका हुन् । जनपरिषद् प्रमुख वाइबाले पुरानो संसदीय सत्ताका कथित जनप्रतिनिधिबाट तत्काल राजीनामा दिई वैज्ञानिक समाजवाद स्थापनार्थ सञ्चालन हुने एकीकृत जनक्रान्तिमा सामेल हुन आग्रह गरेका छन्ं ।

## सि.जिनपिन ...

आफ्नो सम्प्रभुता र क्षेत्रीय एकतामाथि नियन्त्रण लिइरहनु जरुरी छ । हामीले हरहालतमा मातृभूमिको एकता सुनिश्चित गर्नु पहिलो सर्त हो ।' ताइवान र हङकङलाई लिएर चीनको यो सबैभन्दा आक्रामक अभिव्यक्ति हो ।

सीले इतिहासले पनि चीन समाजवादमार्फत आफ्नो लक्ष्यमा पुग्ने कुरा पुष्टि भइसकेको बताए । चिनयाँ राष्ट्रपतिको यो कडा अभिव्यक्तिलाई अमेरिकाको उक्त निर्णयको जबाफका रूपमा हेरिएको छ । ताइवानलाई स्वतन्त्र देशको दर्जा दिने कोसिसमा चीनले कडा विरोध गर्दै आएको छ । स्मरणीय छ, सी राष्ट्रपति निर्वाचित हुनुअघि चिनियाँ काङ्ग्रेसले यसअघि हुने कायम रहँदै आएको दुई कार्यकाल मात्र राष्ट्रपति रहन पाउने नियम हटाएर उक्त अवधि लम्ब्याएको थियो ।

## भौतिकवादमा ...

आविष्कारहरूमा अन्त्य गरेका छन् मूल रूपमा दिक-काल, कणहरूको गति र अवस्था, ब्रह्माणको विस्तार यसैमा आधारित छन् । त्यसैले हकिङ ऐतिहासिक भौतिकवादी हुन् ।

हकिङको सबैभन्दा ठूलो योगदान भनेको उनको खोज हो । उनले रहस्यमय रहेको ब्रह्माण्डको उत्पत्ति, बनावट र विकासका बारेमा धेरै नै खोज गरेको छ । हकिङले सबैभन्दा साना कणहरूमा रहेका क्वार्कभित्र रहेका अझ सूक्ष्म बस्तुको बनावट, अवस्था र गतिका बारेमा खोज गरेका छन् । उनले विद्युत् चुम्वकीय बल, कमजोर आणविक बल र बलियो आणविक बललाई समायोजन गर्ने सिद्धान्त बृहत् एकीकृत सिद्धान्त (grand unified theory-GUT) को खोज गरे । जसरी विगतका सबैजसो प्राकृतिक विज्ञानका सिद्धान्तहरू समाज विज्ञानमा पनि लागू भएका छन्, जसरी यो सिद्धान्तले भौतिक विज्ञानमा नयाँनयाँ खोजमा योगदान गरेको छ, समाजविज्ञानमा यसको निकै महत्वपूर्ण रहेको छ । यसले मार्क्सवादको सङ्घटक अङ्ग दर्शनलाई समृद्ध गर्न निकै सहयोग पुर्‍याउँछ । यस विषयमा यस लेखमा उल्लेख गर्न सकिएको छैन । तर हकिङका खोजहरूलाई मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गर्न जरुरी छ ।

२ चैत, २०७४

## हार्दिक श्रद्धाञ्जली

यस जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिका सल्लाहकार सदस्य शंकर श्रेष्ठका बुबा नरबहादुर श्रेष्ठ (जन्म : विसं १९९३। ५।५-मृत्यु : २०७४।१२।६) को ८२ वर्षको उमेरमा निधन भएकाले मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनहरुप्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

रत्न मगर
अध्यक्ष
जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति, नेपाल



नरबहादुर श्रेष्ठ
जन्म : १९९३। ५।५-
निधन : २०७४।१२।६

## हार्दिक श्रद्धाञ्जली

यस जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिका सल्लाहकार सदस्य राजु कार्कीका बुबा रुद्रबहादुर कार्कीको ७५ वर्षको उमेरमा २०७४ चैत ६ गते बिहान निधन भएकोले मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनहरुप्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

रत्न मगर
अध्यक्ष
जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति, नेपाल




रुद्रबहादुर कार्की
निधन : २०७४ चैत ६





आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा


सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिर्चैया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।
सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९






नियमित

# हाम्रो निरन्तर क्रान्तियात्रा

जितमान घताने



'त्याग, समर्पण र बलिदानको
इतिहास हो क्रान्ति,
आँसु, रगत र पसिनाको
सम्मान हो क्रान्ति,
भ्रष्ट, दलाल र तस्करहरूको
अभिशाप हो क्रान्ति,
न्यायप्रेमी जनसमुदायको
मुक्तिमार्ग हो क्रान्ति ।'

विद्यमान संसदीय दलाल पुँजीवादी राज्यसत्ताको विरुद्धमा एकै रातमा धर्ती र आकाश हल्लाउने गरी साउने गर्जनले धावा बोलिरहेछन् । समुद्रका लहरहरू छचल्किरहेछन् । हिमाल, पहाड र तराईका सबै बस्तीहरूमा माओवादका नाराहरू घन्किरहेछन् ।

निश्चित रूपमा क्रान्ति भनेको परिवर्तन हो । त्यसो त विद्यमान रूपमा रहँदै आएको यथास्थितिवादी चिन्तन र प्रवृत्ति भएको दलाल संसदीय पुँजीवादी व्यवस्थालाई ध्वस्त पार्दै आम न्यायप्रेमी जनसमुदायको मुक्ति हुने वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्नु नै क्रान्तिको उद्देश्य हो, यात्रा हो । जहाँ वैचारिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र राज्यका सबै अङ्गहरूमा श्रमिक जनताको मुक्ति हुने आमूल परिवर्तन भएको हुन्छ । शोषण, दमन, अन्याय र अत्याचारको अन्त्य भएको हुन्छ । थिचोमिचो, भेदभाव र छुवाछूतको पूर्ण रूपमा उन्मूलन हुन्छ । मौलाउँदै आएको पश्चिमा छाडा र नग्न संस्कृति (कुसंस्कृति) लाई प्रवेश निषेध गरिन्छ । आकासिएको महँगी, सीमा नाघेको भ्रष्टाचार, व्यभिचार, अत्याचारी तथा अपराध सबै अन्त्य भइसकेका हुन्छन् ।

वास्तवमा हाल नेपालमा रहेको दलाल संसदीय व्यवस्थामा सीमित दलाल तथा त्यसका पुच्छरहरूको फेरि हालीमुहाली चलेको छ । शान्ति, अग्रगमन र परिवर्तन चाहने, न्याय, समानता र स्वतन्त्रताका खातिर निरन्तर सङ्घर्षरत आम न्यायप्रेमी श्रमिक जनसमुदाय फेरि उही असमानताको खाडलमा जीवन व्यतित गर्न बाध्य छन् । नेपालको खराब राजनीतिक इतिहास आज फेरि पुनरावृत्त भएको छ । 'जुन जोगी आए नि कानै चिरिएको' भन्ने उखान नेपालका संसदीय दलाल पुँजीवादी व्यवस्थामा रमाएका राजनीतिक पार्टी र त्यसका कुख्यात खेलाडीले चरितार्थ गरेका छन् ।

२०५२ साल फागुन १ गते श्रमिक सर्वहारा वर्गको मुक्तिको उद्देश्यले जनयुद्ध सुरु भएको थियो । महान् जनयुद्धले जुन उपलब्धि हासिल गर्दै आएको थियो र १९ दिने जनआन्दोलन, विभिन्न क्षेत्र तथा जाति-जनजातिले गरेको आन्दोलन तुहाउने काम तिनै खलनायकहरूले गरेका छन् । त्यसैले उनीहरू आज आम सर्वसाधारण श्रमिक नेपाली जनताहरूको आँखाबाट गिर्दै गएका छन् । नेपाली श्रमजीवी जनसमुदाय जनयुद्धका बाँकी कार्यभार पूरा गर्न एकीकृत जनक्रान्तिमा एकाकार र लामबद्ध भएर नयाँ यात्रा तय गरिरहेका छन् ।

महान् जनयुद्धमा निरन्तर सङ्घर्षरत रहँदै आएका र पछिल्लो समयमा क्रान्तिको धार पकड्दै आगाडि बढिरहेका क्रान्तिका लालयोद्धाहरूको सुन्दर पङ्क्तिले नै आज फेरि नेपाली जनतालाई मुक्ति दिलाउनका लागि सङ्घर्ष सञ्चालन गरिरहेको छ । राष्ट्रिय स्वाधीनताको रक्षा गर्न, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नहरूको हल गर्नका

g]kfnL hgtfnfO{ ;fd|fHo dlQm lbnfpg JolQmut :jfy{ TofUb} xfdf] kf6L{n] cufl8 ;f/]sf] PsLs[t hgqmflGtsf] sfo{bzfdf cfd hg;dbfosf] ;xeflutf cufl8 al9/x]sf]5 . xfdf]nIo ;fDojfb xf]. j}1flgs ;dfhjfb xf] . ToxfF k'Ug]sfo{bzf PsLs[t hgqmflGt xf] . ;a}pTkLl8t / >lds ldn]/ e|6, bnfn / t:s/x¿nfO{ hgsf/afxL ub}{ cufl8 al9/xbf ;fFr} xfdLn]u/]sf sfdsf/afxLnfO{hgtfn] cg'df]bg u/]sf 5g\. xfdL sDolg:6 aGg]dxfcleofgdf 5fF.

निमित्त विगतको दुई लाइन सङ्घर्षदेखि हालसम्म अर्थात् आठौँ महाधिवेशनले पारित गरेर बनेको नेपाल कम्युनिस्ट पार्टीको नेतृत्व कमरेड विप्लवले गर्दै आउनुभएको छ । निरन्तर क्रान्ति र एकीकृत जनक्रान्ति आरम्भ भएर देशका दलाल तथा भ्रष्टाचारीहरूमाथि कारबाही हुन थालेपछि र पुरानो सत्ता खाली गराउने अभियान आरम्भ भएपछि हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी जनतामाझ स्थापित भएको छ ।

वर्गीय मुक्ति आन्दोलनमा सहादत प्राप्त गर्नुहुने महान् सहिद तथा बेपत्ता योद्धाहरूलाई उच्च सम्मान गर्दै उहाँहरूले देखाएको क्रान्तिको यो महान् यात्रामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सबै न्यायप्रेमी जनताका छोराछोरीहरू फेरि क्रान्तिको यो महान् यात्रामा आबद्ध भई वैज्ञानिक समाजवाद निर्माणका खातिर अहोरात्र सङ्घर्षको मैदानमा खटिरहेका छन् । घाइते, अपाङ्ग तथा बेपत्ता योद्धाका परिवारको पीडालाई मलम लगाउन र नेपाली जनतालाई साँच्चै मुक्ति दिलाउन व्यक्तिगत स्वार्थ त्याग्दै हाम्रो पार्टीले अगाडि सारेको एकीकृत जनक्रान्तिको कार्यदिशामा आम जनसमुदायको सहभागिता अगाडि बढिरहेको छ । हाम्रो लक्ष्य साम्यवाद हो । वैज्ञानिक समाजवाद हो । त्यहाँ पुग्ने कार्यदिशा एकीकृत जनक्रान्ति हो । सबै उत्पीडित र श्रमिक मिलेर भ्रष्ट, दलाल र तस्कर हरूलाई जनकारबाही गर्दै अगाडि बढिरहँदा साँच्चै हामीले गरेका कामकारबाहीलाई जनताले अनुमोदन गरेका छन् । हामी कम्युनिस्ट बन्ने महाअभियानमा छौँ । वर्गीय मुक्ति आन्दोलनलाई गन्तव्यमा पुऱ्याउन सङ्घर्षरत छौँ । हाम्रो क्रान्तियात्रा जनताका बीचमा हुर्किँदै गएको छ । क्रान्तिकर्म सिक्दै गर्दै जाने हो । अब जारी क्रान्तिले श्रमिक जनतालाई मालिक बनाउनेछ । हामी यसमा इमानदारीसाथ विश्वस्त हुनु आवश्यक छ ।

# जनप्रतिनिधिसभाको अधिवेशन

■ रातो खबर संवाददाता/




नेकपाको भोजपुरा स्वायत्त प्रदेशअन्तर्गत बारामा प्रतिनिधिसभाको प्रथम जिल्ला अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले अर्जुन सापकोटालाई सभाध्यक्षमा निर्वाचित गर्नुका साथै २१ सदस्यीय जिल्ला जनप्रतिनिधिसभा गठन गरेको छ । जनप्रतिनिधिसभाले रामेश चौधरीलाई जिल्ला जनपरिषद् (जनसत्ता) प्रमुखमा निर्वाचित गरेको छ । जिल्ला अधिवेशनको उद्घाटन गर्दै नेकपाका केन्द्रीय सदस्य तथा नारायणी ब्युरो इन्चार्ज मिलनले दलाल तथा सामाजिक दलाल पुँजीवादी तत्वले सञ्चालन गरेको सत्ताका प्रतिनिधिहरूको राष्ट्रघात, जनघात, भ्रष्टाचार, कालोबजारी, तस्करी, घुसखोर र बिचौलिया प्रवृत्तिका कारण मुलुकमा राष्ट्रघाती तथा जनघाती गतिविधि बढिरहेको बताउँदै यसको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि एकताबद्ध भएर अघि बढ्नुपर्ने बताएका छन् । उनले दलाल संसद्वादी सत्ता जनविरोधी तथा राष्ट्रविरोधी गतिविधिमा लागेकाले त्यसको विकल्पमा जनपरिषद् (जनसत्ता) को पुनर्गठन गर्नुपरेको पनि बताए । अधिवेशनमा विशेष अतिथिका रूपमा भोजपुरा स्वायत्त प्रदेश प्रमुख विगाप्रसाद चौरासिया, नेकपा बारा जिल्ला इन्चार्ज सञ्जीवनी, सेक्रेटरी राजन, भोजपुरा स्वायत्त प्रदेश सदस्य रमण घिमिरेलगायतले शुभकामना मन्तव्य राखेका थिए । नवनिर्वाचित जनसत्ता प्रमुख रामेश चौधरीले शुक्रबार प्रेसविज्ञप्ति जारी गर्दै सम्पूर्ण तहका जनप्रतिनिधिहरूलाई तत्काल राजीनामा दिई वैज्ञानिक समाजवादका पक्षमा अघि बढिरहेको आन्दोलनमा सहयोग/समर्थन र सहभागी हुन अपिल गरेका छन् । उनले पुरानो सत्ताका प्रतिनिधिहरूले राजीनामा नदिए कारबाही हुनसक्ने चेतावनीसमेत दिएका छन् ।


## भन्सार विभाग त्रिपुरेश्वर, काठमाडौंको सूचना

**तपाईले आयात/निर्यात गर्न लागेको सामानमा कति मसुल लाग्दैछ ? कति छूट पाउनुहुन्छ वा आयात/निर्यात प्रतिबन्ध छ ?**

**जस्ता**

भन्सार सम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्झनुहोस् हामी तपाईको जिज्ञासाको समाधान गर्ने प्रयास गर्नेछौं । आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयं उपस्थित भएर वा फोनमार्फत् पनि राख्न सक्नुहुनेछ ।

कार्यालय समयभित्र प्राप्त फोनको तत्काल जवाफ पाउन सक्नुहुनेछ भने कार्यालय समय अघि-पछि फोन गर्दा कुनै जिज्ञासा भएमा भन्न सक्नुहुनेछ । फोनमा रेकर्डिङ सिष्टम भएकाले कार्यालय खुलेपछि प्रश्नको जवाफ दिइनेछ ।

**भन्सार विभाग सेवा कक्ष**

त्रिपुरेश्वर, काठमाडौं

फोन नं. : ०१-४२५९८६१, टोल फ्रि नं. : १६६००१२१२२३



## मेलम्ची खानेपानी आयोजनासम्बन्धी प्रायशः शोधिने केही प्रश्नहरू

**प्रश्न नं. १ : काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना भनेको के हो ?**

उत्तर : काठमाडौं उपत्यकाबासीलाई सहज र उचित खानेपानी व्यवस्था गर्न हालको खानेपानी वितरण प्रणालीमा आवश्यक सुधारका लागि काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना संचालन गरिएको हो ।

यो आयोजना दुई चरणमा सम्पन्न हुनेछ । पहिलो चरणमा मेलम्चीको पानी २७.६ कि.मी. लामो सुरुङ हुँदै काठमाडौंको सुन्दरीजलमा निर्माणाधीन प्रशोधन केन्द्रमा प्रशोधन गरी थोक वितरण प्रणालीमार्फत् वितरण गरिनेछ । पहिलो चरणअन्तर्गत काठमाडौंका पुराना पानी वितरण प्रणालीको सुधार पनि रहेको छ । हाल पहिलो चरणअन्तर्गतको निर्माण कार्य भइरहेको छ ।

दोस्रो चरणको तयारीका कामहरू पनि भइरहेका छन् । दोस्रो चरणअन्तर्गत मेलम्ची सुरुङबाट यांग्री र लार्केखोलाको थप पानी काठमाडौं ल्याउने र सुन्दरीजल प्रशोधन केन्द्रको विस्तारका कार्यहरू रहेका छन् ।

**प्रश्न २ : मेरो घरको धारामा कहिलेदेखि पर्याप्त खानेपानी आउँछ ?**

उत्तर : नयाँ तथा पुराना प्रणालीअन्तर्गत धारा जडान भएका केयुकेएलका ग्राहकका घरमा माघ २०७५ भित्र हालको भन्दा उल्लेखनीय मात्रामा धेरै पानी आउने अपेक्षा गरिएको छ । केयुकेएलको पानी वितरण प्रणालीमा पानी थप गर्नका लागि केही निर्माण कार्य बाँकी छन् । जसअन्तर्गत सुरुङ खन्ने काम थोरै मात्र बाँकी छ र यो काम आगामी वर्षको सुरुमै सकिने अपेक्षा गरिएको छ । त्यसरी सुरुङबाट ल्याइएको पानी सुन्दरीजल प्रशोधन केन्द्रमा प्रशोधन गरी, आवश्यक परीक्षणका कार्यहरू गरी वितरण प्रणालीमार्फत् प्रत्येक घरमा मेलम्चीको पानी वितरण गरिनेछ ।

**नयाँ प्रणालीबाट पानी वितरणसम्बन्धी लक्षित कार्यतालिका**

| महत्वपूर्ण कार्यहरू | लक्षित मिति |
|---|---|
| मेलम्ची सुरुङ*निर्माण कार्यको समापन | जेठ २०७५ |
| मेलम्ची सुरुङदेखि सुन्दरीजल प्रशोधन केन्द्रमा पानी स्थानान्तरण | साउन २०७५ |
| थोक वितरण प्रणाली (३००-१४०० मिलिलिटर व्यासका पाइपहरू र ३०००-९५०० घनमिटर क्षमताका पानीपोखरीहरू) को testing, commissioning | असोज २०७५ |
| नयाँ जडान गरिएका वितरण संजालको क्रमिक रूपमा DMA-wise testing, commissioning र पानी वितरण | मंसिर २०७५ |
| वितरण सञ्जाल सुधार कार्य पूरा भई पानी वितरणको सुरुआत | माघ २०७५ |
| *सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ । योसँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ । | |

सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ । यो सँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ ।

**प्रश्न नं. ३ : मेरो घरमा केयुकेएलको नयाँ धारा जडान भएको छैन, पुरानै जडान यथावत् छ । के काठमाडौंमा मेलम्चीको पानी आएपछि मेरो घरमा पनि पानी उपलब्ध हुन्छ ?**

उत्तर : हुन्छ । केयुकेएलका पुराना ग्राहकहरूले हाल रहेकै पाइप लाइनबाट निकट भविष्यमा थप पानी पाउनेछन् । सुरुङबाट ल्याइने मेलम्चीको पानी काठमाडौंमा थपिएपछि काठमाडौंमा थपिएपछि काठमाडौंमा खानेपानीको उपलब्धता उल्लेखनीय वृद्धि हुनेछ । त्यसपछि मौजुदा वितरण प्रणाली तथा नयाँ वितरण प्रणालीसँग जोडिएका घरहरूमा पानी वितरण सहज हुनेछ । साथसाथै काठमाडौंमा खानेपानी क्षेत्रको सुधार प्रक्रिया चरणबद्ध रुपमा अघि बढिरहनेछ ।

**प्रश्न नं. ४ : केयुकेएलको धारा जडान गर्न के गर्नुपर्छ ?**

उत्तर : केयुकेएलका उपत्यकामा रहेका १० ओटा शाखाहरूमध्ये आफूलाई पायक पर्ने शाखामा गएर आवश्यक शुल्क बुझाउनुपर्छ । नयाँ धारा जडान गर्न सामान्यतया रु. ८,००० जति लाग्छ । पुराना पाइप जडान भएका ग्राहकले पुरानो वितरण प्रणाली हटाएर नयाँ वितरण प्रणाली विस्तार भइरहेको क्षेत्रमा नयाँ पाइप जडानको लागि शुल्क तिरेको रसिद आयोजना कार्यान्वयन निर्देशनालयलाई बुझाउनुपर्दछ । त्यसपछि निर्देशनालयले तपाईंको घरमा नयाँ मिटरसहितको धारा जडान गर्नेछ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड

अनामनगर, काठमाडौं, फोन नं. ४२२२९८६, ४२२४९८६, एक्स्टेक्सन १३१, फ्याक्स नं. ४२२४०५७

www.kuklpid.org.np


निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ